का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० मंसिर २०८१,
सोमबार
25 November, 2024
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २२, अंक २७६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# प्रधानमन्त्री भर्सेस मेयर

एकपछि अर्को विषयमा नेकपा एमाले, एमाले अध्यक्ष केपी शर्मा ओली र काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह आमनेसामने हुँदै आएका छन् । पछिल्लो समय दरबारमार्गको फोहोर नउठाएको विषयलाई लिएर दुवै पक्ष आरोप-प्रत्यारोपको उत्रिएका हुन्






मेयरको ध्यान सरसफाइमा होइन, जरिमानाको स्टण्टवाजीमा थियो । जुन समय अगावै सार्वजनिक गरियो । जागरणसभा यस प्रकारका स्टन्टबाजी गर्नेहरूलाई सचेत बनाउनका लागि पनि हो

■ **शंकर पोखरेल**
**महासचिव, नेकपा एमाले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ मंसिर ।

काठमाडौं महानगरपालिकाले नेकपा एमालेलाई १ लाख रुपैयाँ जरिमाना तिराउने निर्णय लिएपछि २ पक्ष आमनेसामने भएका छन् । यही ७ मंसिरमा एमालेले काठमाडौं महानगरपालिका- १ दरबारमार्गस्थित सडकमा जागरणसभा गरेको थियो । त्यसक्रममा सडक तथा सडकपेटीमा जथाभावी फोहोरमैला गरी वातावरण प्रदूषण गरेको भन्दै महानगरले १ लाख रुपैयाँ जरिमाना तिर्न एमालेलाई भनेको छ ।

नगर प्रहरी निरीक्षक लीलाराज गाछाले एमाले केन्द्रीय कार्यालयलाई लेखेको पत्रमा >>> पृष्ठ २ मा

# गौरव गर्न नसकिने राष्ट्रिय गौरवका आयोजना




*गौरवका आयोजनाका कामको गतिलाई तीव्रता दिने विषयमा सम्बन्धित मन्त्री, सचिव र आयोजना प्रमुखसँग छलफलमा प्रधानमन्त्री ।*



बाजेका पालामा सुरु भएका योजना नातिनातिनाका पालामा संचालन हुने स्थिति हुनु हुँदैन । यो आयोजनाको ब्रेक थ्रु भयो भनेर त्यहाँ जनताले हेर्न गएर मात्र पुग्दैन । खेतमा पानी पुग्नुपर्‍यो

**केपी शर्मा ओली**
**प्रधानमन्त्री**




**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ९ मंसिर ।

आजभन्दा ४५ वर्षअघि २०३६ सालमै जर्मन परामर्शदातृ फर्मले लुम्बिनी प्रदेशका तराईका जिल्लामा सिँचाइ सहजताका लागि बाँकेको अगैयामा राप्ती नदीमा बाँध निर्माण गरी सिक्टा सिँचाइ आयोजना निर्माण गर्न सकिने अध्ययन गरेको थियो ।

आयोजनावाट कुल ४२ हजार ७६६ हेक्टर कृषियोग्य भूमिमा सिँचाइ गर्ने लक्ष्यसहितको योजना बनाइएको थियो । अध्ययन भएको २६ वर्षपछि आर्थिक वर्ष २०६२/०६३ देखि २०७७/०७८ सम्म आयोजना सम्पन्न गर्ने अवधिसमेत तोकियो । तर, १५ वर्षमा काम सक्नुपर्ने राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजना १९ वर्ष हुदाँ पनि ४१ प्रतिशत मात्र काम भएको छ । आयोजना सुरु हुँदा १२ अर्ब ८० करोड रुपैयाँ लगात थियो तर अहिले उक्त आयोजनाको लागत दोब्बरभन्दा बढी २५ अर्ब २ करोड रुपैयाँ पुऱ्याइएको छ ।

संशोधित कार्यतालिका आर्थिक वर्ष २०८४/०८५ सम्ममा सम्पन्न गर्ने भनिएको छ तर १९ वर्षमा ४१ द्यशमलव >>> पृष्ठ २ मा

### समस्या तत्काल समाधान गर्न प्रधानमन्त्रीको निर्देशन

प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय गौरवका आयोजनाको कामको गतिलाई तीव्रता दिने विषयमा आइतबार सम्बन्धित मन्त्री, सचिव र आयोजना प्रमुखलगायतसँग छलफल गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको छलफलमा विभिन्न २४ वटा राष्ट्रिय गौरवका आयोजनाको हालको अवस्था, वित्तीय तथा भौतिक प्रगति सन्तोषजक नरहेको भन्दै तिव्र गतिमा काम गर्न निर्देशन दिए ।

प्रधानमन्त्री ओलीले अहिलेको अवस्था सन्तोषजनक नभएकाले कामलाई गति दिन केके गर्न सकिन्छ ? वर्तमान सरकार आएपछि नयाँपनका साथ कामलाई गति दिन केके नयाँ गरियो ? भन्ने विषयमा आयोजना प्रमुख प्रश्न गरेका थिए ।

प्रधानमन्त्रीले कुनै आयोजना सुरु भएपछि त्यसको उत्पादन >>> पृष्ठ २ मा

## सौर्य एयर दुर्घटनाका ४ महिना

# प्रतिवेदन न बीमा रकम

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ९ मंसिर ।

सौर्य एयरालाइन्स विमान दुर्घटना भएको आइतबार ४ महिना पुगेको छ। तर, विमान दुर्घटनामा मृत्यु भएका आफन्तले अहिलेसम्म बीमा रकम पाएका छैनन् ।

सम्पूर्ण मर्मत 'सी-चेक'का लागि काठमाडौंबाट पोखरा जान लागेको विमान गत ९ साउनमा काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटना भएको थियो। दुर्घटनामा १८ जनाको मृत्यु भएको थियो भने चालक मनीष शाक्य बाँचेका थिए। विमानमा चालक दलका सदस्यसहित १९ जना थिए ।

९ एन-एएमई सीआरजे-७ विमान काठमाडौंबाट पोखरा जाने क्रममा विमानस्थल परिसरभित्रै आगो लागेर दुर्घटना भएको थियो । जहाजले टेकअफ गर्दा नै सन्तुलन गुमाएका थियो। विमानले भुइँ छाडेको केही सेकेन्डमै दाहिनेतर्फ कोल्टे फर्किएर दायाँतर्फको पखेटाले ट्याक्सी



'एयरलाइन्सको व्यवस्थापन पक्षले आफ्नो व्यावसायिक स्वार्थ पूर्ति गर्न मेरी छोरीको किर्ते हस्ताक्षर गरेको देखियो'

● **प्रकाश खतिवडा**, पीडित



'एयरलाइन्स र बीमा कम्पनीबिच खरिद विक्री भएको बीमा पोलिसीमा एभियसन स्पेयर अल रिक्स लाइबिलिटी, पर्सनल एक्सिडेन्ट एन्ड अल रिक्स इन्स्योरेन्स गरिएकाले शर्तअनुसार नै दाबी भुक्तानी हुनेछ'

● **उमेश आचार्य**
**उपमहाप्रबन्धक, सौर्य एयरलाइन्स**



वेबाटै भुइँ छुँदै बजारिन पुगेको थियो ।

विमान दुर्घटना भएको ४ महिनासम्म पनि यात्रु बीमाबापतको रकम मृतकका परिवारले पाउन सकेका छैनन्। तर, विमान कम्पनीले छिटोभन्दा छिटो बीमा रकम उपलब्ध गराउन तयार भएको बताएको छ। एयरलाइन्सको बीमा प्रभु इन्स्योरेन्समा भएको र उक्त इन्स्योरेन्सले >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# यूएईमा नेपाली श्रमिकले पाए प्रतिष्ठित अवार्ड

'म काममा व्यस्त थिएँ, अचानक फोन आयो र थाहा पाएँ कि मैले पुरस्कार जितेको छु। सुरुमा त मलाई यो ठगी हो कि भन्ने शंका भयो। तर, यूएईको आधिकारिक सरकारी कार्यालयबाट जानकारी आएपछि मात्र म ढुक्क भएँ'

**रामबहादुर तामाङ**




**पूर्ण तामाङ/मध्यान्ह**
यूएई, ९ मंसिर ।

यूएईमा नेपाली श्रमिकले गर्विलो उपलब्धि हासिल गरेका छन् । १६ वर्षदेखि यूएईको फुजैर स्थित विभिन्न कम्पनीमा कार्यरत रामबहादुर तामाङले इमिरेट्स श्रम बजार अवार्डमा उत्कृष्ट हुँदै नेपाली २८ लाख रुपैयाँ नगद, ५ ग्राम २४ क्यारेट सुन र १ थान ल्यापटप पुरस्कार स्वरूप प्राप्त गरेका छन्।

तामाङले प्राप्त गरेको उपलब्धिले नेपाली कामदारले यूएईमा वर्षौंदेखि >>> पृष्ठ २ मा

### राहदानी प्राप्तिमा समस्या, सेवाग्राही मर्कामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ मंसिर ।

परराष्ट्र मन्त्रालयअन्तर्गतको राहदानी विभागको कम्प्युटर प्रणाली भाइरस संक्रमणका कारणले गत हप्तादेखि अवरुद्ध हुँदा राहदानी सेवा सहज हुन अझै केही समय लाग्ने भएको छ। गत हप्तादेखि प्रणालीमा समस्या देखिएको थियो ।

विभागले विभागमा अत्यावश्यक सेवा मात्र दिन सकिएको तथा जिल्ला प्रशासन कार्यालय >>> पृष्ठ २ मा

## आँखीझ्याल


३ लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान आजदेखि


८ निकासी व्यापारका समस्याहरू


१० 'पूर्णबहादुरको सारंगी'को दबदबा कायमै


१२ उद्योग दिवसमा महिला उद्यमी सम्मानित

**Vacancy Annoucement**

One of the reputed recruitment agency is seeking for following applicants.

**Public Relation Officer(PRO) - 5 Male, 5 Female)**
3 to 5 years job experience in related field of manpower.

SALARY - 35,000
SEND YOUR CV: info.royal1034@gmail.com

**Royal International Overseas Pvt. Ltd.** श्रम इजाजत नं. १०३४/०७२/०७३
Tokha 11, Bhandari Tole, Kathmandu Tel: 4985294 / 4985295

मध्यान्ह
www.madhyanhadaily.com

१० मंसिर २०८१, सोमबार
25 November 2024, Monday

# मृत्युपश्चात् अंग दान गर्ने परिवारलाई २ लाख

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मृत्युपश्चात मानव अंग दान गर्न चाहने दाताका परिवारलाई २ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेका छन्। यसअघि मानव अंग दान गर्न चाहने त्यस्ता परिवारलाई १ लाख रुपैयाँ दिने व्यवस्था थियो।

भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रमार्फत एक लाख रुपैयाँ दिने गरिएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दाताका परिवारलाई एक लाख रुपैयाँ थप गर्ने घोषणा मन्त्री पौडेलले गरेका हुन्।

मन्त्री पौडेलको निर्णय कार्यान्वयनमा अर्थ मन्त्रालयले आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने गरी सहमति दिएको छ। मन्त्रालयको आन्तरिक स्रोतबाटै आवश्यक रकम व्यवस्थापन गर्नेगरी निर्णय गरिएको मन्त्री पौडेलले बताए।

अंग दानमा सघाउने अस्पताललाई यसअघि दिने गरिएको ५० हजार रुपैयाँमा मन्त्रालयले २५ हजार रुपैयाँ थप गरेर ७५ हजार रुपैयाँ पुऱ्याएको छ।



'आफ्नो मृत्युपछि अरुको जीवन बचाउन चाहनेलाई प्रोत्साहन गर्न खोजेका हौं', मन्त्री पौडेलले भने, 'एउटाको जीवनपछि अरुको जीवन बचाउने कार्यमा यो निर्णयले व्यापकता पाउने आशा गरेका छौं।'

मन्त्री पौडेललेसमेत यसअघि नै अंगदान गर्ने घोषणा गरिसकेका छन्। देशभर हरेक वर्ष मृगौला प्राप्तिका लागि एक हजार र कलेजो प्राप्तिका लागि ५५ जनाले मानव अंग प्रत्यारोपण केन्द्रमा नाम लेखाउने गरेका छन्।

विद्यमान कानुनी व्यवस्थाअनुसार जीवित रगतको नाता पर्ने बाहेकले अंगदान गर्न पाउँदैनन्। तर, मृत्युपश्चात दान दिने गरी अंगदान गर्न पाउने व्यवस्था छ। मृत्यु भएको २४ घण्टाभित्र दिन सकिने अंग अरु जीवितलाई प्रत्यारोपण गर्न सकिन्छ।

हाल भक्तपुरको शहीद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रले देशमा वर्षेनी दुई सय मृगौला तथा २० जनाको कलेजो प्रत्यारोपण गर्दै आएको छ। यो कुल अंग प्रत्यारोपणको झण्डै ७० प्रतिशत हो। वीर अस्पताल, त्रिवि शिक्षण अस्पतालसँगै केही निजी अस्पतालले समेत अंग प्रत्यारोपण गर्दै आइरहेका छन्।

हाल सचेतना अभावमा दान गर्न चाहनेको संख्या न्यून छ। मृत्युपश्चात हुने दान बढाउन सकिए धेरैको ज्यान जोगाउन सकिने शहीद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रका प्रमुख डा. पुकारचन्द्र श्रेष्ठ बताउँछन्।

यस प्रोत्साहनमूलक निर्णयले दाता बढेर धेरैको ज्यान जोगाउन सकिने उनको अपेक्षा छ। 'दाताको संख्या दोब्बर हुने आशा गरेका छौं', श्रेष्ठले भने।

हाल एक हजार बढी मृगौला तथा ५५ जना कलेजोका दाता प्राप्तिको प्रतिक्षामा छन्। र, उनीहरूले मृत्युपश्चात् हुने दानमा अधिक निर्भर गर्न परिरहेको छ।

हाल नेपालमा मृगौला र कलेजो मात्र प्रत्यारोपण गर्ने गरिए पनि अब २ फोक्सो र मुटुका लागि समेत प्रत्यारोपण गर्नेगरी क्षमता विकास गर्ने तयारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

## कुवेतमा युवती बेच्ने २ पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि भन्दै कुवेत पुऱ्याएर करिब ४ लाख रुपैयाँमा एक युवतीलाई बेचेको आरोपमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरीले नुवाकोटको तादी गाउँपालिकाकी कुसुम कँडेल र सिन्धुपाल्चोकको चौतारा नगरपालिकाका सुकलाल भनिने माइला लामा तामाङलाई पक्राउ गरेको हो। उनीहरूविरुद्ध फ्रि भिसा फ्रि टिकटमा मासिक १२० केडी कमाइ हुने भन्दै एक युवतीलाई कुवेत पुऱ्याएर ३ लाख ९४ हजार ६६२ रुपैयाँमा बेचेको उजुरी परेको प्रहरीले बताएको छ।

ती युवतीलाई सेटिङका आधारमा गत साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दुबई र त्यहाँबाट कुवेत पुऱ्याई बेचबिखन गरेको आरोप उजुरीमा रहेको प्रहरीले बताएको छ।

## यस्तो छ २४ वटा राष्ट्रिय गौरवको प्रगति

| क्र. सं. | आयोजनाको नाम | प्रगति विवरण प्रतिशतमा | निर्माण सुरु |
|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना | ४१.५८ | २०६१/६२ |
| २ | बबई सिँचाइ आयोजना | ७२.२२ | २०४५/४६ |
| ३ | रानी जमरा कुलरिया सिँचाइ आयोजना | ७४.३६ | २०६७/६८ |
| ४ | सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना | ३४.४ | २०७३/७४ |
| ५ | महाकाली सिँचाइ आयोजना | २२.१८ | २०६३/६४ |
| ६ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ६५.८ | २०६८/६९ |
| ७ | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | सम्पन्न | २०६७/६८ |
| ८ | बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना | शून्य | २०६९/७० |
| ९ | विद्युत् प्रसारण आयोजना | ८.८ | २०६७/६८ |
| १० | पश्चिम सेती जलविद्युत् आयोजना | शून्य | २०६७/६८ |
| ११ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | सम्पन्न | २०७२/७३ |
| १२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | ९९.६ | २०७४/७५ |
| १३ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | शून्य | २०७१/७२ |
| १४ | रेल वे तथा मेट्रो विकास आयोजना | ४५.७ | २०६६/६७ |
| १५ | हुलाकी लोकमार्ग | ६६.९ | २०६६/६७ |
| १६ | पुष्पलाल मध्यपहाडी लोकमार्ग | ७७.३२ | २०६४/६५ |
| १७ | उत्तर-दक्षिण (कोशी करिडोर) लोकमार्ग<br>खाँदबारी -किमाथांका सडक<br>खाँदवारी- किममाथांका-च्यामताङ-घोंडप्पा | ४८<br>८०.८५ | २०६५/६६ |
| १८ | उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग<br>गैंडाकोट-राम्दी-मालढुंगा-बेनी-जोमसोम- कोरोना सडक | ६५<br>८४ | २०६६/६७ |
| १९ | उत्तर-दक्षिण (कर्णाली करिडोर) लोकमार्ग<br>हिल्सा-सिमकोट-लालीबगर-भुक्का खोला | ३०<br>७२ | २०६५/६६ |
| २० | काठमाडौं-तराई-मधेश द्रुतमार्ग | ३५.३८ | २०७३/७४ |
| २१ | मेलम्ची खानेपानी आयोजना | ९८.४५ | २०५५/५६ |
| २२ | पशुपति क्षेत्र विकास कोष | ८८ | २०७०/७१ |
| २३ | लुम्बिनी क्षेत्र विकास कोष | ९५ | २०६९/७० |
| २४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | निरन्तर जारी रहने | २०७१/७२ |

### गौरव...

५८ प्रतिशत मात्र काम भएको आयोजनाको अबको ४ वर्षमा अझै ५९ प्रतिशत काम होला ? प्रश्न उठेको छ।

बबई सिँचाइ आयोजनाको अवस्था भने अझै दयनीय छ। बर्दियामा ३६ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ आयोजना २०२४ सालदेखि अध्ययन गरिएको थियो। बबई सिँचाइ आयोजना २०४५/०४६ देखि २०६९/०७० सम्म गर्न भनियो तर ३६ वर्ष पुग्दा ७० प्रतिशत मात्र काम भएको छ। अब ३० प्रतिशत काम २०८२/०८३ मा सम्पन्न गर्ने संशोधित लक्ष्य राखिएको छ।

यस्तै महाकाली सिँचाइ आयोजनाको हालतसमेत उस्तै छ। २०७८ मंसिरमा सरकारले महाकाली सिँचाइ आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा स्तरोन्नति गऱ्यो। आर्थिक वर्ष २०६३/०६४ मा सुरु गरिएको आयोजना १८ वर्ष पुग्दासमेत २२ दशमलव १८ प्रतिशत मात्र काम भएको छ। अझै ५८ प्रतिशत काम बाँकी छ तर संशोधित कार्यतालिकाअनुसार ७ वर्षपछि २०८७/०८८ मा सक्ने लक्ष्य राखिएको छ।

१८ वर्षमा २२ प्रतिशत मात्र भौतिक प्रगति भएको आयोजनालाई राष्ट्रिय गौरवको आयोजना भन्न नै लाज लाग्ने सरोकारवालाहरू बताउँछन्।

बूढीगण्डकी जलविद्युत् आयोजना आर्थिक वर्ष २०६९/०७० देखि सुरु भएको छ। आयोजना सुरु भएको ११ वर्ष बितिसक्दासमेत भौतिक प्रगति शून्य छ भने वित्तीय खर्च १६ दशमलव ५५ प्रतिशत छ। कुल लागत २ खर्ब ६० अर्ब रुपैयाँ छ। अहिले पनि सरकार मुआब्जा वितरणमै काम गरिहेको छ।

यसले के देखाउँछ भने, राष्ट्रिय गौरवको आयोजना गौरव गर्ने भन्दा पनि देशमा काम गर्ने संस्कृतिलाई नै गिज्जाइरहेको छ। २४ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये अधिकांश आयोजनाको कामको गति सुस्त छ। निर्माण सुरु भएको १ दशक हुँदासमेत निर्माणको भौतिक प्रगतिभन्दा वित्तीय भार धेरै छ।

राष्ट्रिय गौरवको आयोजना निर्माण गर्दा राष्ट्रिय रणनीतिक लक्ष्य तथा राष्ट्रिय महत्त्व दिएर घोषणा गरिएको हुन्छ। राष्ट्रिय गौरवको आयोजनालाई प्रभावकारी र तोकिएको समयमै सम्पन्न गर्नका लागि सरकारले बजेट र जनशक्ति व्यवस्था गर्नुपर्ने हो तर सरकारले चर्चा र चुनावी एजेन्डाको रूपमा राष्ट्रिय गौरवको योजना बनाउने होडका कारण आयोजनाको समय र लागत दुवै बढिरहेका छन्।

२४ वटा आयोजना निर्माणका लागि सुरुमा १० खर्ब ४५ अर्ब ९७ करोड रुपैयाँ लागत थियो तर आयोजनामा निर्माण ढिलाइ हुँदा आयोजनाको लागत दोब्बर भएको छ। अहिले राष्ट्रिय गौरवको आयोजनाको लागत २६ खर्ब रुपैयाँ पुगेको छ।

राष्ट्रिय गौरवका आयोजनाहरूलाई तोकिएको लागतमा तोकिएकै अवधिभित्र सम्पन्न गरी भौतिक विकासमार्फत समृद्ध नेपाल बनाउनुपर्ने भए पनि सरकारको ध्यान विकास निर्माणमा कहिल्यै पुगेको छैन।

सरकारले आर्थिक वर्ष २०६८/०६९ मा १७ वटा आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनामा समावेश गरेको थियो। यस्तै, २०७०/०७१ मा ४, २०७५/०७६ मा १, २०७६/०७७ मा १ र २०७७/०७८ मा थप १ आयोजना गरी २४ वटा राष्ट्रिय गौरवका आयोजना राखिएको थियो।

राष्ट्रिय गौरवको आयोजनमा सुरुदेखि नै जग्गा अधिग्रहण र मूल्यांकनमा समस्या आउने गरेको छ। आयोजना सुरु गर्दा क्षतिपूर्ति निर्धारण, जग्गाको मुआब्जा, स्थानीय तहमा हुने राजनीतिको कारण आयोजना काम सुस्त गतिमा हुने गरेको छ। आयोजना क्षेत्रमा पर्ने रूख कटान र वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत जस्ताको कारणले समेत आयोजना निर्माण रोकिने गरेको छ।

यस्तै, प्राविधिक जनशक्ति समस्या, निर्माण सामग्रीको उपलब्धता, ठेक्का समस्याको कारण आयोजना निर्माणले गति लिन नसकेको राष्ट्रिय योजना आयोगको बुझाइ छ। यस्तै, कतिपय आयोजनाहरूको लगानीको स्रोत र कार्यान्वयन विधिसमेत नहुँदा अधिकांश आयोजना समयमै काम भएका छैनन्। सबैभन्दा धेरै आयोजना ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्बन्धित छन्। १० वटा राष्ट्रिय गौरवका आयोजनामध्ये अधिकांशको भौतिक प्रगति निकै कम छ।

### समस्या...

र उपयोगसम्बन्धी निर्माण कार्य पनि एकैसाथ गर्न आग्रह गर्दै एकीकृत आयोजनाका रूपमा अगाडि बढाउन आग्रह गरे। 'समस्या छन् भने समाधान गर्नुपर्छ। आयोजनाहरूलाई लट्किन दिनु हुँदैन। फाइल अघि बढाएपछि त्यसका पछिपछि मान्छे पनि कुदाउने अवस्था हुनु हुँदैन। बाजेका पालामा सुरु भएका योजना नातिनातिनाका पालामा संचालन हुने स्थिति हुनु हुँदैन। यो आयोजनाको ब्रेक थ्रु भयो भनेर त्यहाँ जनताले हेर्न गएर मात्र पुग्दैन। खेतमा पानी पुग्नुपऱ्यो', प्रधानमन्त्री ओलीले भने।

### प्रधानमन्त्री...

'फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम रु. १ लाख जरिमाना गरिएको' उल्लेख छ। तर, यो पत्र लिन नै एमालेले अस्वीकार गरेको छ।

आइतबार जरिमानापत्र बुझाउन पार्टी कार्यालय पुगेको महानगरको टोलीलाई आफूहरू आयोजक नभएको भन्दै एमालेले फर्काइदिएको हो। एमालेको काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला कमिटीको आयोजनामा दरबारमार्गमा जागरणसभा आयोजना गरिएको थियो। एमालेले पत्र बुझ्न नमानेपछि महानगरको टोली त्यसै फर्किएको छ।

यही विषयलाई लिएर २ पक्ष आमनसामने भएका हुन्। एकपछि अर्को विषयमा एमाले, एमाले अध्यक्ष ओली र काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह आमनेसामने हुँदै आएका छन्। पछिल्लो समय दरबारमार्गको फोहोर नउठाएको विषयलाई लिएर दुवै पक्ष आरोप-प्रत्यारोपमा उत्रिएका हुन्।

एमाले महासचिव पोखरेलले सामाजिक संजालबाटै प्रतिकार गरेका छन्। काठमाडौं महानगरका मेयर बालेन एमालेका विरुद्ध परिचालित छन् भन्ने जरिमानाको पर्चाबाट बुझ्न सकिने उनको तर्क छ।

कार्यक्रम समापन भएपछि सरसफाइ आयोजकका तर्फबाटै भइरहेको उनको दाबी छ। संकलन गरिएको फोहोर उठाउनका लागि महानगरलाई गाडी पठाइदिन अनुरोध गरिएको उनको भनाइ छ। उक्त अनुरोधलाई स्विकार गरेर सहयोग गर्नुको साटो फोहोर गरेको भनेर जरिमानाको प्रचार गरिएको उनको गुनासो छ।

'जतिबेला महानगरका नाममा जरिमाना पर्चा सार्वजनिक गरियो, त्यतिबेला स्वयंसेवकहरू कार्यक्रम थलोमै फोहोर संकलन गरेर गाडीमा राख्दै थिए। मञ्च र मञ्चमा प्रयोग गरिएका सामग्री हटाउने काम सँगसँगै जारी नै थियो', महासचिव पोखरेलले लेखेका छन्।

मेयरको ध्यान केवल जरिमानामा रहेको पोखरेलको टिप्पणी छ। 'मेयरको ध्यान सरसफाइमा होइन, जरिमानाको स्टन्टबाजीमा थियो, जुन समय अगावै सार्वजनिक गरियो', उनले लेखेका छन्, 'जागरणसभा यस प्रकारका स्टन्टबाजी गर्नेहरूलाई सचेत बनाउनका लागि पनि हो।'

### प्रतिवेदन...

बेलायतस्थित लोयर्ट रिइन्स्योरेन्समा रिइन्स्योरेन्स गरेको छ। 'उक्त कम्पनीसँगको छलफलपछि प्रभु इन्स्योरेन्सलाई छिटोभन्दा छिटो दुर्घटनाबापतको यात्रु बीमा दाबी भुक्तानी गर्न भनिएको छ', एयरलाइन्सका उपमहाप्रबन्धक उमेश आचार्यले मध्यान्हसँग भने। उनले बढीमा १० दिनभित्र सबै मृतकका परिवारले बीमा रकम पाउने दाबी गरे। उनका अनुसार यस विषयमा बीमा कम्पनी प्रभु इन्स्योरेन्ससँग अन्तिम चरणको कुराकानी भएको र उसले बेलायती कम्पनी लोयर्ट रिइन्स्योरेन्समा रिइन्स्योरेन्स गरिसकेको बताए।

तर, आन्तरिक उडानमा यात्रुको दुर्घटना बीमा कम भएकाले बीमा रकम बढाउनेगरी छलफल भएको पनि उनले दाबी गरे।

नेपालले सन् २०१८ मा यात्रु बीमासम्बन्धी मोन्ट्रल कन्फेन्सन, १९९९ मा हस्ताक्षर गरेको छ। यो व्यवस्था अन्तर्राष्ट्रिय उडानका लागि मात्र लागू हुन्छ। हाल आन्तरिक उडानमा प्रतियात्रु २० हजार अमेरिकी डलर बीमा रहेको छ।

सी-चेक उडानको क्रममा रहेको विमान दुर्घटना हुँदा बीमा भुक्तानी के हुन्छ भन्ने प्रश्न पनि पेचिलो बनेको छ। तर, एयरलाइन्सले खरिद गरेको बीमा पोलिसी र हवाई बीमा व्यवस्था ऐनअनुसार नै हुने पनि उपमहाप्रबन्धक आचार्यले बताए।

'एयरलाइन्स र बीमा कम्पनीबिच खरिद विक्री भएको बीमा पोलिसीमा एभियसन स्पेयर अल रिक्स लाइबिलिटी, पर्सनल एक्सिडेन्ट एन्ड अल रिक्स इन्स्योरेन्स प्रभु इन्स्योरेन्स कम्पनीमा गरिएकाले शर्तअनुसार नै दाबी भुक्तानी हुनेछ', उनले भने।

प्रभु र सौर्यबीचको बीमा पोलिसी सम्झौताअनुसार प्राविधिक र क्रु मेम्बरका हकमा अतिरिक्त बीमा सुविधासमेत उल्लेख भएको भए त्योसमेत दाबी भुक्तानी हुने उनले बताए। त्यस क्रममा यात्रुसरह पाउने बीमा भुक्तानी कटौती नहुने पनि उनले उल्लेख गरे।

दुर्घटनमा सौर्य एयरलाइन्सका आईटी इन्जिनियर मनुराज शर्माका साथै उनकी श्रीमती प्रिजा खतिवडा र छोरा अधिराज शर्माको पनि मृत्यु भएको छ। प्रिजा ऊर्जा मन्त्रालयको कम्प्युटर अपरेटरमा कार्यरत थिइन्। तर, उनलाई एयरलाइन्सको कर्मचारी भनेर फर्जी यात्री बनाएर उडाइएको थियो। छोराको हेरचाह गर्ने कोही पनि नभएपछि उनलाई पनि बाबुआमासँगै लगिएको थियो। दुर्घटनामा मृत्यु भएका इन्जिनियर खतिवडाको बीमा भए पनि श्रीमती र छोराको बीमा के हुने भन्नेबारे एयरलाइन्सले केही बताएको छैन।

एयरलाइन्सको व्यवस्थापन पक्षले प्रिजा खतिवडाको हस्ताक्षर किर्ते गरी नक्कली कागज तयार पारेको उनका बुबा प्रकाश खतिवडाले बताए। उनले यस विषयमा प्रधानमन्त्री कार्यालयमा उजुरी पनि दर्ता गराएका छन्।

दुर्घटनामा छोरी, ज्वाइँ र नाति गुमाएका खतिवडाले आफ्नी छोरीलाई एयरलाइन्सको व्यवस्थपन पक्षले कर्मचारी खडा गरी अपराध गरेको बताए।

'एयरलाइन्सको व्यवस्थापन पक्षले आफ्नो व्यावसायिक स्वार्थ पूर्ति गर्न मेरी छोरीको किर्ते हस्ताक्षर गरेको देखियो', खतिवडाले मध्यान्हसँग भने। उनले जहाज दुर्घटना छानबिन गर्न बनेको आयोग पनि कानुनविपरीत रहेको दाबी गरे।

'जहाज दुर्घटनाको मुख्य कारण व्यवस्थापन पक्षको लापरबाही, प्राविधिक त्रुटि र मानवीय कमजोरी हो भन्ने स्पष्ट छ। यो कुरा आयोगको प्रतिवेदनले समेत पुष्टि गरेको छ', उनले भने।

दुर्घटना भएकै दिन सरकारले दुर्घटनाबारे जाँचबुझ गरी दुर्घटनाको कारण पत्ता लगाउन ५ सदस्यीय आयोग गठन गरेको थियो।

आयोगको संयोजक नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतिशचन्द्रलाल सुमन थिए। त्यसैगरी सदस्यहरूमा दिपुराज ज्वारचन, डा. सुदीप भट्टराई, सञ्जय अधिकारी र सदस्य सचिवमा मुकेश डंगोल थिए।

आयोगलाई जाँचबुझ गरी ४५ दिनभित्र प्रतिवेदन बुझाउन कार्यदेश दिइएको थियो।

आयोगले मर्मतका लागि उडेको जहाजलाई दिइएको अनुमतिको कार्यविधि पालना नभएको प्रारम्भिक अध्ययनमा भनेको छ। यस्तै, जहाजको संचालन निर्देशिका (म्यानुअल)को तौलसम्बन्धी मापदण्ड पालना नभएको र १८ हजार ५०० किलो तौलसहितको (टेकअफ वेट) उडान गर्दा पाइलटले प्रयोग गर्ने स्पिड कार्डमा उल्लेख भएको जहाजको गति नै गलत देखिएको पनि अध्ययनले देखाएको छ। मर्मतका लागि उडेको जहाजलाई दिइएको अनुमतिको कार्यविधिसमेत पालना नभएको प्रतिवेदनमा उल्लेख छ।

समग्रमा, विमान उडानमा एयरलाइन्सको चरम लापरवही देखिएको प्राधिकरणका एक उच्चअधिकारीले नाम बनाउने शर्तमा बताए। 'आयोगले वायुसेवा कम्पनीहरूले फेरी फ्लाइटमा गर्ने लापरबाहीतर्फ संकेत गरेको छ', उनले भने। यद्यपि, आयोगको प्रारम्भिक प्रतिवेदन मात्र आएको छ। प्रारम्भिक प्रतिवेदनमा आएका कतिपय विषय पूर्ण प्रतिवेदन आइसक्ने समयमा थप सूचनाका आधारमा अर्को निष्कर्षमा पुग्ने सम्भावनासमेत छ। तर, प्रारम्भिक प्रतिवेदन दिएको बढीमा ४५ दिनभित्र पूर्ण प्रतिवेदन आइसक्नुपर्ने भए पनि अहिलेसम्म आएको छैन। आयोगको कार्यावधि ४५ दिनको हुने व्यवस्थाविपरीत ४ महिनासम्म काम सम्पन्न नहुँदा अब आयोगको हैसियत के हुन्छ भन्ने प्रश्न पनि उठेको छ।

### यूएईमा...

गरेको मिहिनेत, परिश्रम र इमान्दारीको कदर भएको छ। त्यसबाट यूएईमा कार्यरत करिब ४ लाख नेपालीसहित सिंगो नेपाली समुदायको गौरव बढाएको त्यहाँ कार्यरत नेपालीको भनाइ छ।

झापाको बराहामा सामान्य परिवारमा जन्मिएका तामाङले यस सम्मानलाई आफ्नो जीवनको महत्त्वपूर्ण क्षण भन्दै आगामी दिनमा अझ मिहिनेत गर्ने प्रेरणा प्राप्त भएको बताए।

तामाङले आफ्नो वैदेशिक रोजगार यात्राको सुरुवात मेकानिकको रूपमा गरेका थिए। अहिले उनी फोरम्यान सुपरभाइजरको रूपमा जिम्मेवारीमा छन्। उनको इमान्दारी, लगनशीलता र निःस्वार्थ सेवाको कदर गर्दै उनलाई यो सम्मान प्रदान गरिएको बताइएको छ। तामाङले भने, 'म काममा व्यस्त थिएँ, अचानक फोन आयो र थाहा पाएँ कि मैले पुरस्कार जितेको छु। सुरुमा त मलाई यो ठगी हो कि भन्ने शंका भयो। तर, यूएईको आधिकारिक सरकारी कार्यालयबाट जानकारी आएपछि मात्र म ढुक्क भएँ।'

#### नेपाली श्रमिकहरूको गर्व

यो अवार्डले नेपाली श्रमिकहरूको इमान्दारी र मिहिनेतलाई विश्वभर चिनाएको छ। यूएईको श्रम बजारमा काम गर्ने नेपालीहरूले आफ्नो लगनशीलता र समर्पणका माध्यमबाट यस्ता सफलताका झलक देखाउँदै समुदायको सम्मान र पहिचानलाई बलियो बनाएका यहाँ कार्यरत श्रमिकहरूले बताएका छन्।

यसले नेपाली श्रमिकहरूको योगदानलाई उजागर गर्ने मात्र होइन, उनीहरूको श्रमले विश्वभरको श्रम बजारमा सकारात्मक प्रभाव पारेको पुष्टि पनि गरेको यूएईमा रहेका नेपालीहरूले गरेका छन्।

#### अवार्डको महत्त्व

इमिरेट्स श्रम बजार अवार्ड यूएईको मन्त्रिपरिषद्द्वारा अनुमोदित र महामहिम शेख मन्सुर बिन जायद अल नह्यानको संरक्षकत्वमा आयोजना गरिएको थियो। यो अवार्डले व्यवसायीहरू, उत्कृष्ट कर्मचारीहरू र श्रम बजारमा सफल अभ्यासहरूलाई उजागर गर्ने लक्ष्य राखेको छ।

यस वर्ष ७ हजार ७०० आवेदनहरूमध्ये ८४ जनालाई विजेता घोषित गरिएको थियो। पुरस्कारका लागि ३७ मिलियन दिराम खर्च भएको बताइएको छ। नेपाली नागरिक तामाङ जस्तै मिहिनेती र समर्पित श्रमिकहरूको पहिचान गर्दै यो अवार्डले श्रमिकहरूको कल्याण, कार्यक्षमता र उत्पादकत्व अभिवृद्धिमा ठूलो योगदान पुऱ्याएको आयोजकले बताएको छ।

### राहदानी...

र विदेशस्थित नियोगहरूबाट सेवा सहज हुन अझै २ हप्तासम्मको समय लाग्ने बताएको छ।

विभागले समयमा राहदानी नबनाइदिँदा अध्ययन भ्रमण, औषधि उपचारमा जानेहरूसँगै वैदेशिक रोजगारीमा जाने र वैदेशिक रोजगारीमा रहेका नेपाली कामदार तनावमा देखिएका छन्। १ वर्षभन्दा कम अवधि रहेको राहदानीमा भिसा नलाग्ने भएका कारण राहदानी नवीकरण नहुँदा वैदेशिक रोजगारीमा रहनेहरूले भिसाको समस्या झेल्नुपर्ने त्रास देखिएको छ।

राहदानी बनाउने मात्र नभएर राहदानी नवीकरण गर्न अनलाइन प्रणालीबाट विवरण भरेर इनरोलमेन्ट गर्नसमेत समस्या भएको कतिपयको गुनासो छ। राहदानी विभागबाट सिस्टम नचलेको सूचना जारी भएको भए पनि कतिपय जिल्ला प्रशासन कार्यालय र नियोगहरूले उक्त सूचना आफ्नो वेबसाइटमा नराख्दा सबैजसो सेवाग्राहीले सास्ती बेहोर्नुपरेको बताएका छन्।

राहदानीका लागि व्यक्ति आफैंले अनलाइन फारम फर्न सक्ने भए पनि फोटो खिचाउन र विद्युतीय हस्ताक्षर गरेर पेस गर्न सेवाग्राही काठमाडौंमा राहदानी विभाग र जिल्ला प्रशासन कार्यालय जानुपर्ने बाध्यता छ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नयाँ कार्यमा प्रगति हुने छ भने पुराना काम सफल हुने छन्। |
| वृष | : | वाहन सावधानी राख्नु होला। स्वास्थ्यमाथि ध्यान आवश्यक छ। |
| मिथुन | : | शान्तिमा वृद्धि हुने योग छ। साथीहरूसँग भेटघाट हुने छ। |
| कर्कट | : | पारिवारिक तनावको योग छ। नयाँ सोचअनुसार काम हुने छ। |
| सिंह | : | पद र प्रभावमा वृद्धि हुने छ। वाणी संयम राख्नु होला। |
| कन्या | : | कुनै पनि कार्यमा हतार नगर्नु होला। वाहन सावधानी राख्नु होला। |
| तुला | : | राजनीतिक कार्यमा रोकावट आउने छ। नयाँ सम्बन्ध बन्ने योग छ। |
| वृश्चिक | : | पारिवारिक जीवन सुखी रहने छ। कृषिजन्य कार्यमा लाभ मिल्ने छ। |
| धनु | : | सभा समारोहमा सहभागी भइने छ। स्वास्थ्य राम्रो रहने छ। |
| मकर | : | तनाव बढ्ने सम्भावना छ। सामाजिक कार्यहरूमा वृद्धि हुने छ। |
| कुम्भ | : | भाइ-बहिनीको सहयोग प्राप्त हुने छ। पदोन्नति हुने योग छ। |
| मीन | : | स्वास्थ्य राम्रो रहने छ। मुद्दा मामिलामा सफलता मिल्ने छ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान आजदेखि




**काठमाडौं/मस–** 'हामी सबैको प्रतिबद्धता : लैंगिक हिंसा अन्त्यका लागि अभियान' भन्ने राष्ट्रिय नाराका साथ ३३औं अन्तर्राष्ट्रिय लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सोमबार अर्थात् नोभेम्बर २५ देखि सुरु हुँदैछ ।

महिला पुन:स्थापना केन्द्र (ओरेक) नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), केयर नेपाल, मुक्ति नेपाललगायत संस्थाले आइतवार संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा सहभागीहरूले हिंसा प्रभावित महिलाले न्यायमा पहुँचको कमी भएको र उनीहरूको न्यायमा पहुँच बढाउनपर्ने जरुरी रहेको धारणा राखेका थिए ।

ओरेक नेपालकी कार्यकारी निर्देशक सुनिता मैनालीले नेपालको संविधानमा महिलाको हकको छुट्टै व्यवस्था गरेको भए पनि अझै महिला हिंसामा कमी आउन नसकेको बताइन् । अभियानका क्रममा नेपालको संविधान २०७२ र संविधानको धारा ३८ को महिलाको हक कार्यान्वयन गर्नुपर्ने, राज्यले अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिबद्धता तथा कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेबारे ध्यानाकर्षण गराइने छ । यस्तै, अभियानका मागहरूमा सबै प्रकारका भेदभावपूर्ण नीति, अभ्यास र मूल्यमान्यता तत्काल खारेज तथा सामाजिक रुपान्तरणका लागि समुदायिक तहदेखि राष्ट्रिय तहसम्म अभियान सञ्चालन गर्नुपर्नेलगायत रहेका छन्। सरकारी तथा गैरसरकारी संस्थाहरू मिलेर १६ दिने अभियानका क्रममा महिला तथा बालिकामाथि भएको विभेद र हिंसाबारे प्रतीकात्मक नाटक प्रदर्शनी, हिंसाको विश्लेषणात्मक पुस्तक अन्वेषी सार्वजनिक र सरोकारवाला पक्षहरूसँग वृहत् भेला र देशभर गोष्ठीलगायत कार्यक्रम गर्ने जनाइएको छ ।

# प्रहरी विधेयक : ३० वर्षे सेवा अवधि हट्ने



**काठमाडौं/मस–** नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक आइतवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको छ ।

गृह मन्त्रालयले प्रहरी र सशस्त्र प्रहरी बलसम्बन्धी कानुनलाई संशोधन गर्न अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र लोक सेवा आयोगको सहमतिपछि प्रहरी विधेयक मन्त्रिपरिषद्मा पेस गरेको हो ।

प्रहरी ऐन-२०१२ मा व्यवस्था भएका कानुनी प्रावधानलाई समयसापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट प्रहरी कर्मचारीको सेवा सर्त सम्बन्धमा विभिन्न समयमा भएका फैसला कार्यान्वयन गर्नुका साथै प्रहरी सेवालाई नेपालको संविधान तथा प्रचलित कानुन, लोकतन्त्र र कानुनी शासन र मानव अधिकारप्रति प्रतिबद्ध, लैङ्गिक संवेदनशील, जवाफदेही, उत्तरदायी, प्रभावकारी तथा व्यावसायिक बनाउन विधयेक स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको गृह मन्त्रालय कानुन महाशाखाका प्रमुख सहसचिव भरतमणि रिजालले जानकारी दिए ।

सार्वजनिक शान्ति प्रवर्द्धन, अपराध रोकथाम तथा नियन्त्रण गरी शान्तिसुरक्षा एवं सुव्यवस्था कायम गर्न र अपराधको अनुसन्धान गर्न नेपाल प्रहरी सेवाको गठन, सञ्चालन तथा सेवाको सर्तसम्बन्धी कानुनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधेयक सङ्घीय संसद्मा प्रस्तुत गर्न स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको रिजालले बताए ।

त्यसैगरी, सशस्त्र प्रहरी ऐन, २०५८ मा व्यवस्था भएका कानुनी प्रावधानलाई समयसापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ सशस्त्र प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट सशस्त्र प्रहरी कर्मचारीको सेवा सर्त सम्बन्धमा फैसला कार्यान्वयन गर्नुका साथै सशस्त्र प्रहरी सेवालाई नेपालको संविधान, प्रचलित कानुन तथा मानव अधिकारप्रति प्रतिबद्ध, व्यावसायिक र प्रभावकारी बनाउँदै शान्तिसुरक्षा एवं सुव्यवस्था, विपद् व्यवस्थापन, सीमा सुरक्षा, सीमा अपराध नियन्त्रण लगायतका काममा परिचालन गर्न सशस्त्र प्रहरीसम्बन्धी कानुनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधेयक अघि बढाइएको हो ।

गृहमन्त्री रमेश लेखकले पद बहालीसँगै प्रहरी सङ्गठन समयसापेक्ष व्यवस्थित, सुदृढ र क्रियाशील बनाउने विषय प्राथमिकतामा राखेर विधेयक परिमार्जन र संशोधनमा जोड दिएका थिए । त्यही अनुरुप गृह मन्त्रालयले विधेयक अघि बढाएको हो ।

'मन्त्रिपरिषद्को कार्यालयमा विधेयक पेस भयो, अब मन्त्रिपरिषद्ले विधेयक सङ्घीय संसद्मा प्रस्तुत गर्न स्वीकृति दिनेछ', सहसचिव रिजालले भन्, 'नेपाल प्रहरी ऐन, २०१२ र सशस्त्र प्रहरी ऐन, २०५८ संशोधन भए सङ्गठनलाई थप सुदृढ र कार्य सञ्चालनमा सहज हुने अपेक्षा गरिएको छ ।'

गृहमन्त्री लेखकले आफ्नो प्राथमिकतामा राखेको प्रहरी विधेयक आगामी संघीय संसद्बाट पारित गराउने लक्ष्य रहेको बताए ।

विधेयक पारित भएमा प्रहरीमा ३० वर्षे सेवा अवधि हट्नाका साथै प्रहरीको तल्लो दर्जाले १६ वर्षे सेवापछि अवकाश लिन पाउने र प्रहरी संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ । गृह मन्त्रालयले दुवै प्रहरी ऐनलाई प्रतिस्थापन गरी प्रहरी सेवाको विशिष्टीकरण, प्रहरी कर्मचारीको हित र कल्याणका नयाँ प्रावधान विधेयकमा समाविष्ट गरिएको जनाएको छ । प्रस्तावित विधेयकले ऐनको हैसियत प्राप्त गरेपछि दुवै प्रहरी सङ्गठनको बृहत्तर हित हुने विश्वास गरिएको मन्त्रालयले जनाएको छ ।

# उपनिर्वाचन : अनुमतिबिना गाडी चलाए २५ हजार जरिमाना

**काठमाडौं/मस–** निर्वाचन आयोगले मंसिर १६ गते हुने उपनिर्वाचनका क्रममा अनुमतिबिना सवारी साधन सञ्चालन गरेको पाइएमा २५ हजार रुपैयाँ जरिमाना हुने जनाएको छ। आयोगले आइतावार विज्ञप्ति जारी गर्दै मतदानको दिन निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २५(१) मा निर्वाचन प्रचारको सिलसिलामा राजनीतिक दल तथा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले तोकेको संख्याभन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गर्न/गराउन हुँदैन भन्ने प्रावधान रहेकाले अनुमतिबिना सवारी साधन सञ्चालन गरेको पाइए २५ हजार जरिवाना हुने जनाएको हो ।


**VACANCY ANNOUNCEMENT**

A leading foreign recruitment agency is seeking the following position urgently.

Public Relations Officer - 5
Documentation Officer - 3
Requirements - More than 3/4 years of Experience in Manpower Field.

SALARY - Negotiable

**KALINCHWOK MANPOWER PVT. LTD.** Govt. Lic No.: 203/057/058
G.P.O. Box: 12447, Dhumbarahi Marg, Kathmandu | Fax: 4419361
Tel: 01- 4445106 | Mob.: 9818565246.
E-mail: info@kmanpower.com | Web.: www.kmanpower.com

**कुबेतमा रोजगार** | कम्पनी: AMANI KUWAIT COMPANY FOR DELIVERY SERVICES शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०८/०९ चलानी नं.: ६०२२८५६३ LT. No.: 314174

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रू. | | | | | | | |
| 1. | Nepali Light Driver | 17 | 0 | स. काममा दक्ष | 135 | ५९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १७ गते (2 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि) Govt. Lic. No. 1156/073/074
सामाखुसी चोक टोखा १०, ज्ञान संसार स्कूलको अगाडी, फोन: ०१४५६३४०३, ०१४५५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८


# पिजीको विवाद मिलाउन प्रधानमन्त्रीले दिए निर्देशन



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले मेडिकल कलेजमा आवासीय चिकित्सक-स्नातकोत्तर तह (पिजी)को सुविधासम्बन्धी विवाद आपसी छलफलबाट मिलाउन सम्बन्धित मन्त्रालय र निकायलाई निर्देशन दिएका छन् ।

चिकित्सा शिक्षा आयोगको १५औं बैठकमा आयोगका अध्यक्ष प्रधानमन्त्री ओलीले निजी र सरकारी दुवै क्षेत्रका सरोकारवाला पक्षलाई सामेल गरेर समाधान खोज्न शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र आयोगका उपाध्यक्ष प्रा डा अञ्जनीकुमार झालगायतलाई निर्देशन दिए ।

निजी कलेजका आवासीय चिकित्सकलाई पनि आठौ तहको सरकारी सरह मासिक ४८ हजार रुपैयाँ सुविधा कायमका लागि सहजीकरण गरिदिन भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्रका आधारमा मंसिर ११ गतेभित्र स्वमूल्यांकन फारम भर्न आयोगले सूचना प्रकाशन गरेको थियो ।

## प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
### कोशी प्रदेश
### विराटनगर, मोरङ्ग

## वोलपत्र स्विकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०८१/०८/१०**

**यस कार्यालयबाट मिति २०८१-०५-२० गतेको मध्यान्न दैनिकमा प्रकाशित** वोलपत्र **आह्वानको सूचना अनुसार** www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका वोलपत्रहरु मध्ये तपशिल बमोजिमका वोलपत्रदाताहरुको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. न. | विवरण | छनौट गरिएको वोलपत्रदाताहरु | कवोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of of Bhatbhateni Paschim Dekhi Jabdi mandir Jane Sadak, Itahari 16 , Sunsari (Contract No : IDO/MOR/NCB/RW-38/081-82) | M/S Luna Construction, Gadhi, Sunsari | 2105144.96 |
| 2 | Upgrading of Itahari 11 Durga Panchayan Mandir Dekhi Paschim Itahari 13 Fulbari Tole ko Chowk Hudai Tower Tole Sano Nahar Samma ko Bato, Itahari , Sunsari (Contract No : IDO/MOR/NCB/RW-39/081-82) | M/S SNS Construction, Inaruwa, Sunsari | 1522883.05 |
| 3 | Upgrading of Mahendra Ma.Bi.Muktinarayan Mandir Hudai Colonel Tole Jane Bato Itahari 2 , Sunsari (Contract No : IDO/MOR/NCB/RW-40/081-82) | M/S Maharaji Construction, ,Gadhi, Sunsari | 2095090.32 |
| 4 | Upgrading of of Milan Chowk Paschim Bechan Chaudhary ko Ghar Dekhi Paschim Tarfa Jane Bato, Itahari 13 , Sunsari (Contract No : IDO/MOR/NCB/RW-41/081-82) | M/S Maharaji Construction, ,Gadhi, Sunsari | 2103360.41 |
| 5 | Upgrading of Milijuli Tole Bikash Sanstha Parne Ganesh Marg Swasthya Aadharbhut Jane bato , Itahari 2 , Sunsari (Contract No : IDO/MOR/NCB/RW-42/081-82) | M/S Bijay and Sons Construction, Bideh, Dhanusa | 2051702.91 |
| 6 | Upgrading of Ocean Marga ka Hudai Ocean Marga kha Hudai Suryodaya Tole Jodne Sadak , Itahari 10 ,Sunsari (Contract No : IDO/MOR/NCB/RW-43/081-82) | M/S Nama Shiway Construction, Birtamod, Jhapa | 1253595.32 |
| 7 | Upgrading of Purba Paschim Rajmarg Dakshin shital Marg , Itahari 5 , Sunsari (Contract No : IDO/MOR/NCB/RW-44/081-82) | M/S Sagarmatha Nirman Sewa, Itahari, Sunsari | 2285089.90 |
| 8 | Upgrading of Sansari tole Shanti Marg Sadak , Itahari 2 ,Sunsari (Contract No : IDO/MOR/NCB/RW-45/081-82) | M/S Nama Shiway Construction, Birtamod, Jhapa | 1240801.73 |
| 9 | Upgrading of Sayapatri Marg Sajha Fulbari Tole Bikash Sadak , Itahari 1 , Sunsari (Contract No : IDO/MOR/NCB/RW-46/081-82) | M/S Sagarmatha Nirman Sewa, Itahari, Sunsari | 1985819.84 |
| 10 | Upgrading of Shanti Marg Staronnati Milijuli Tole Samma Jodne Sadak staronnati, Itahari 2, Sunsari (Contract No : IDO/MOR/NCB/RW-47/081-82) | M/S Ayush Nirman Sewa, Biratnagar, Morang | 1619147.26 |
| 11 | Upgrading of Itahari Up.Ma.Napa-14 Shree Shanti Srijana Ma.Bi. Dekhi ward-13 Khirkhiriya Tole Bippana Sardar Dalit Basti Ram kumar sardar ko Ghar Hudai Purba Dakshin Miya Tole Hudai Mul Nahar Samma Karib 3 km Bato , Itahari, Sunsari (Contract No : IDO/MOR/NCB/RW-48/081-82) | M/S Maharaji Construction, ,Gadhi, Sunsari | 2074015.72 |
| 12 | Upgrading of Triveni chowk Dekhi Pokhariya Janey Sadak , Itahari 16 , Sunsari (Contract No : IDO/MOR/NCB/RW-49/081-82) | M/S Luna Construction, Gadhi, Sunsari | 2075524.56 |
| 13 | Upgrading of Triveni tole Aakash Marg Sadak Number 8, Itahari 8 ,Sunsari (Contract No : IDO/MOR/NCB/RW-50/081-82) | M/S SNS Construction, Inaruwa, Sunsari | 1998900.24 |
| 14 | Upgrading of Sautha Chowk Dekhi Shantipur Chowk Hundai Ulughuttu School Samma Sadak Nirman , Ratuwamai 6, Morang (Contract No : IDO/MOR/NCB/RW-51/081-82) | M/S Kuldewta Construction, Ratuwamai, Morang | 5617030.00 |
| 15 | Upgrading of Janta Ma Bi School Dekhi Titri ko Fed Samma Sadak , Ratuwamai 9, Morang (Contract No : IDO/MOR/NCB/RW-52/081-82) | M/S Digo Bikash Nirman Sewa,Shivasataxi,Jhapa | 1399954.12 |
| 16 | Upgrading of Laxmi Chowk Bazar Dekhi Devi Bahadur Pradhan ko ghar Hundai Bakraha ko Bandha Samma , Ratuwamai 10, Morang (Contract No : IDO/MOR/NCB/RW-53/081-82) | M/S P.G.D. Nirman Sewa, Ratuwamai, Morang | 1881142.13 |
| 17 | Upgrading of Hatiya Danda Dekhi Bakraha Aaryaghat Jholungepul Samma Sadak Nirman , Ratuwamai 1, Morang (Contract No : IDO/MOR/NCB/RW-54/081-82) | M/S Apurva Builders Pvt. Ltd, Rangeli, Morang | 5697785.31 |
| 18 | Upgrading of Kalyanpur sadak Sanjal Yejing Wall sahit Stariya Gravel work, Ratuwamai 1, Morang (Contract No : IDO/MOR/NCB/RW-55/081-82) | M/S Apurva Builders Pvt. Ltd, Rangeli, Morang | 3581372.57 |
| 19 | Upgrading of Khutta Muni Dekhi Naka Hundai Border Samma Gravel , Ratuwamai 2, Morang (Contract No : IDO/MOR/NCB/RW-56/081-82) | M/S Kuldewta Construction, Ratuwamai, Morang | 1434567.15 |
| 20 | Upgrading of Achan lal Sharma ko ghar Dekhi Purba Dakchin Thana hundai Border Joder Jane Bato Stariya Gravel , Ratuwamai 2, Morang (Contract No : IDO/MOR/NCB/RW-57/081-82) | M/S Kuldewta Construction, Ratuwamai, Morang | 1440452.64 |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१० मंसिर २०८१, सोमबार
25 November 2024, Monday

## सम्पादकीय

# उत्तेजनाको (अ)राजनीति

प्रधानमन्त्री केपी शर्मा ओलीले सामना गर्नुपरिरहेका चुनौतीहरूमध्ये काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहको निर्णय पनि एक बनिरहेको छ । मेयर शाहले हरेकजसो निर्णयमा प्रधानमन्त्री ओलीमाथि दबाब सिर्जना गरिरहेका छन् । प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष ओलीमाथि दबाब पार्ने पछिल्लो निर्णय दरबारमार्गमा फोहोर गरेको कसुरमा जरिमाना तोक्नु हो । ७ मंसिरमा एमालेले दरबारमार्गमा जागरणसभा गरेको थियो । त्यो सभाका प्रमुख वक्ता थिए, प्रधानमन्त्री ओली । तर, सभा नसकिँदै मेयर शाहले एमालेलाई दरबारमार्गमा फोहोर गरेको कसुरमा १ लाख रूपैयाँ जरिमाना गर्ने निर्णय लिए । फोहोरमैला व्यवस्था ऐन, २०६८ र काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम एमालेलाई १ लाख रूपैयाँ जरिमानाको निर्णय मेयर शाहले गरे । उक्त पत्र बोकेर महानगरको प्रहरी टोली आइतबार एमालेको मुख्यालय च्यासल पुगेको थियो । तर, जबाफमा एमालेले जरिमाना नतिर्ने निर्णय सार्वजनिक गऱ्यो ।

एमालेको तर्कअनुसार मेयर शाहले नियोजित तरिकाले निर्णय लिएका हुन् । स्टन्टका निम्ति मेयरले लिएको निर्णय कार्यान्वयन नगर्ने एमालेको जबाफपछि राजनीतिक वृत्त तरंगित बनेको छ किनकि एमालेको निर्णय आफैंमा अराजक हो । एमालेको निर्णयले संवैधानिक रूपले स्थानीय सरकारको अधिकारको अवज्ञा हुने छ । कर उठाउन र जरिमाना गर्न सक्ने अधिकारप्राप्त स्थानीय सरकारलाई संघीय सरकारको नेतृत्व गरिरहेको दलबाटै अटेरी गरिए यसको सन्देश डरलाग्दो हुने छ । संघका निर्णय प्रदेशले नमान्ने, प्रदेशले स्थानीय सरकारलाई नमान्ने र स्थानीय सरकारले संघलाई नमान्नेजस्तो डरलाग्दो परिस्थिति सिर्जना हुन सक्छ । त्यसैले एमाले जस्तो परिपक्व दलले जिम्मेवार निर्णय लिन आवश्यक छ । अझ मुलुककै कार्यकारी प्रधानमन्त्री ओलीले एक पटक सोच्न जरूरी छ । यो विषय १ लाख रूपैयाँ जरिमाना अथवा मेयर शाहले यो खेल जितेको सन्देश जाने मात्र होइन ।

मेयर शाहले त एक पटक आफ्ना निर्णयहरूबारे गम्भीर बन्न ढिलो भइसकेको छ । गैरदलीय उम्मेदवारी दिएर जित्दा जनताको साथ पाएको अर्थ मेयर शाहले राज्य जितेका होइनन् । उनले संविधानतः निर्णय लिनुपर्ने छ । त्यो भन्दा पनि भोलि समाज र आउनेवाला पुस्ता सम्झेर निर्णय लिनुपर्ने छ । एकोहोरो संघीय सरकारविरूद्ध बोल्ने र दलहरूको चर्को आलोचना गर्ने प्रवृत्ति मात्र समाधान होइन । जसरी फरक सोच राखेकाले मेयर जित्न सफल भए, त्यसैगरी दलहरूभन्दा सिर्जनात्मक निर्णय उनले लिनु आवश्यक छ । विशेषगरी सामाजिक सद्भाव, राष्ट्रिय एकता र सहिष्णु राजनीतिमा जोड दिनुपर्छ किनकि देश अविकसित भए भोलि परिवर्तन गर्न सकिन्छ तर समाजमा विग्रह आए त्यसको मूल्य महँगो हुने छ । त्यसैले मेयर शाहले आफ्ना निर्णयहरू पुनरावलोकन जरूरी छ भने एमालेले मुलुकको नेतृत्वदायी शक्तिको परिचय दिलाउनुपर्ने छ ।

# निकासी व्यापारका समस्याहरू

अग्रलेख



● डा. सुमनकुमार रेग्मी

देशको व्यापार असन्तुलन गहिरो हिसाबले बढ्दै गएको छ । निकासी व्यापारमा प्रगति हुन नसक्दा व्यापार घाटाको आयतन बढ्दो छ । १० वर्षे सशस्त्र द्वन्द्व, विनाशकारी भूकम्प, भारतीय नाकाबन्दी, कोरोना महामारीका कारण नेपालको व्यावसायिक क्षेत्र निकै समस्यामा पुग्यो । सामान्य शैलीमा गरिएको अपेक्षाअनुसार पनि निकासी व्यापारमा प्रगति हुन सकेन ।

यद्यपि, यसमा राज्यले लिएको नीति पनि प्रमुख रहन गयो । नेपाली वस्तु निकासी हुने क्षेत्र सानो छ । यस्तो स्थितिले स्थिर निकासी वृद्धिलाई हानि गरेको छ । निकासी क्षेत्रको वृद्धि, विगतमा यसतर्फ गरिएको कम प्राथमिकता र स्पष्ट नीतिको कमीले गर्दा असर गरेको छ ।

नेपालले आफ्नो गुणस्तरीय वस्तु विशेषगरी दक्षिणी छिमेकी देश भारत र समुद्रपार निकासी विस्तार गर्न सक्छ । निकासी उद्यमीको विकासका लागि यथेष्ट कर्जा व्यवस्था र सूचनालाई ध्यान दिनुपर्छ । नेपालको वैदेशिक व्यापारका लागि क्षेत्रीय आर्थिक सहयोग सबैभन्दा उत्तम हुन जान्छ। सन् १९९६ सम्म नेपालको निकासी विविधीकरण नीतिमा भारततर्फको निकासीमा यथावत् राखी समुद्रपारतर्फको निकासीमा वृद्धि गर्नेतर्फ ढल्केको थियो । नेपालको समुद्रपारतर्फको निकासीमा सन् २००१ सम्म ठोस वृद्धि भए पनि भारतसँगको व्यापार घाटा २०८१ सालसम्ममा झन् बढ्दो छ । प्रत्यक्ष उपयोग गर्ने देशहरूमा वस्तुहरू निकासी गर्न सकेको भए नेपालको व्यापारले फाइदा उठाउन सक्थ्यो ।

बहुराष्ट्रिय कम्पनीका महत्त्व, ओपेक देशहरूसँगको निकासी नीति र बजारीकरणका क्षेत्रमा नेपालले सामना गरेका निकासी हाँकहरूलाई मध्यनजर गर्नु जरुरी छ ।

गुणस्तर नियन्त्रण र व्यवस्थापनका लागि नेपाली निकासी वस्तुलाई भारतद्वारा विभिन्न समयमा हुने गरेको रोकावटले गर्दा व्यापार अभिवृद्धि हुन सकेको छैन । तर, कार्यान्वयन नगरिएको कार्यक्रम, जल, स्थल र समुद्री जल यातायातमा वैकल्पिक खोज, पारवहनमा ढिलाइ र समुद्रपार निकासीका लागि प्रशासनिक प्रक्रियाका क्षेत्रहरूमा कमी कमजोरीहरूलाई औंल्याइनुपर्छ ।

नेपालको निकासी योजनामा निकासी लक्ष्य परिमाणको निर्धारणमा कमी महसुस गरिएको छ । नेपालको निकासी नीतिमा उत्पादकहरूले विचार गरेका छैनन् र सरकारी नीति राजस्व उन्मुख मात्र निर्देशित छ । कार्यान्वयन गरिएका पक्षले निकासी व्यापारका व्यवस्थापन पक्ष समेट्ने गरेको छैन । सरकारले निकासी नीतिमा सहजता ल्याए पनि व्यापार अभिवृद्धिमा अझ बढी जोड दिनुपर्छ ।

नेपालमा निर्यात व्यापार अभिवृद्धिको खाँचो देखिन्छ । निर्यात व्यापार अर्थतन्त्रको मेरुदण्ड हो । निर्यात व्यापारले देशको अर्थतन्त्रलाई डोहोऱ्याउने काम गर्छ । यद्यपि, नेपालको निर्यात व्यापार पछिल्लो समयमा प्रभावित रहँदै आएको छ । नेपालको निकासी १ खर्ब रुपैयाँभन्दा बढी नाघेको अवस्था छैन । नेपालको निकासी व्यापारको व्यवस्थापन पक्षमा केन्द्रित गरी निकासी क्षेत्रले भोगेका समस्या पहिचान गर्नु र निकासीको दिशा पहिचान गर्नु अहिलेको आवश्यकता हो ।

नेपालको निकासी व्यवस्थापन गर्दा भारततर्फको नेपालको निकासी समेटिनुपर्छ । विगतका दशकमा नेपालको निकासी व्यापार मूल्य र परिमाणमा लक्ष्यअनुरूप बढ्न सकेको छैन । तर, पन्ध्रौं योजनामा राखिएको २ खर्ब रुपैयाँभन्दा बढीको निकासी प्राप्त भएको छ। निकासीको आयतन बढाउन निकासी आधारभूत व्यवस्थाको र निकासी वस्तु विकास गर्ने आवश्यक व्यवस्थाको जरुरत पर्छ ।

नेपालको आर्थिक वर्ष २०६७/०६८ देखि २०७९/०८० सम्मको तेह्रौं, चौधौं र पन्ध्रौं त्रिवर्षीय र पञ्चवर्षीय योजनाले वस्तु निकासीलाई योजना अवधिको अन्तिम वर्षमा लक्षित रकम मूल्यका बिन्दुमा पुऱ्याउने अपेक्षित प्रतिफल आशा गरिएकोजति विगतमा हुन सकेको देखिँदैन । तर, पन्ध्रौं योजनाले यो सफलता हासिल हुन पुगेको छ । यसैगरी ती योजनाले वाणिज्य क्षेत्रमा थप रोजगारीको अवसर सिर्जना गर्ने भनिएका थिए । ती योजनाको अन्तिमसम्ममा व्यापार घाटालाई कुल गार्हस्थ्य उत्पादनको निश्चित प्रतिशतबाट लक्षित प्रतिशतमा झार्ने र आयात-निर्यातको अनुपात बढ्न नदिने भनिएको थियो ।

> *नेपालको वैदेशिक व्यापारमा आयातको तुलनामा निर्यात कम भई हरेक वर्ष व्यापार घाटा बढ्दै गएको र यसले शोधनान्तर स्थितिमा समेत प्रतिकूलता बनाएको छ । देशको निकासी नीतिमा देखिएका कमजोरीले निकासी व्यापारमा ह्रास आएको छ । निकासी व्यापारलाई अर्थतन्त्रमा महत्त्वका साथ हेर्नुपर्छ*

यी प्रतिफल पूरा गर्न वाणिज्य क्षेत्रको पृष्ठभूमिको आधारमा उद्देश्य, रणनीति र कार्यनीति तोकिएका थिए । यतिकै अवस्थामा आ. व. २०७६/०७७ देखि पन्ध्रौं योजना अगाडि आई आ. व. २०८०/०८१ मा सकेको छ । २०८१ सालदेखि सोह्रौं योजना सुरु भएको छ ।

सन् १९९० को दशकका गलैंचा, तयारी पोसाक, पस्मिनाका निकासीमा सन् २००० पछि कम हुँदै आएको अवस्थामा देशको कृषिजन्य पैदावारलगायतका उत्पादनमा उपलब्धि नहुनुको कारण निकासी प्रायः बढ्न सकेको छैन । निकासी परिमाण हरेक निकासी वस्तुको बढी हुने स्थिति सिर्जना गर्न सकेको खण्डमा नै देशको आर्थिक अवस्थामा क्रमिक सुधार हुँदै जान सक्दछ । आयातीत कच्चा पदार्थबाट निकासी सामान उत्पादन गरेर निकासी गरेका खण्डमा मात्र कच्चा पदार्थ आयात गर्न दिनुपर्ने नीति ल्याउनुपर्छ ।

२०७२ सालको वाणिज्य नीति, २०७३ र सन् २०२३ को एनटीआईएस र २०७३ देखि २०८१ सालसम्म आएको आर्थिक र व्यापारसँग सम्बन्धित ऐन, कानुन, निर्देशिका आदिले २०७९ सालपछि व्यापारिक क्षेत्र डोहोऱ्याउँदै आएका छन् ।

व्यापार क्षेत्रलाई उदार, प्रतिस्पर्धी र बजारोन्मुख बनाउने उद्देश्यले समयसमयमा विभिन्न नीतिगत तथा संस्थागत सुधारका प्रयासहरूलाई अघि बढाउँदै लगिएको छ । यस क्रममा नेपालको विश्व व्यापार संगठनमा प्रवेश, साफ्टा र बिमस्टेक जस्ता क्षेत्रीय व्यापार प्रणालीहरूसँगको आबद्धतासमेतले आएको परिवर्तनलाई समेट्न वाणिज्य नीति, २०६५ पछि २०७२ कार्यान्वयनमा आएको छ र रणनीति, २०७३ पछि सन् २०२३ को रणनीतिले निकासी प्रवर्द्धन गरिआएको छ । यससहित प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण, वित्तीय कारोबार, कम्पनी संचालन, भन्सार सम्बन्धित नयाँ ऐन तथा नियमावलीहरू जारी भई कार्यान्वयनमा छन् । २०७३ देखि २०७५ सालमा अनगिन्ती ऐनहरू बने र २०७६ सालमा त नीतिहरू पनि परिमार्जन गरिए । २०८१ सालसम्म आउँदासम्म अझ ऐनहरू बन्दै छन् । २०७२ सालको संविधान चलाउन ३०० वटा ऐनहरू चाहिन्छन् । यसमध्ये कति ऐन बने, कति कानुन बन्न बाँकी छन् ।

दोस्रो अल नेपाल हिफ्ज़-ए-कुरान प्रतियोगिता काठमाडौंमा हुने भएको छ । साउदी अरबको इस्लामी मामिला, दावत र मार्गदर्शन मन्त्रालयको आयोजनामा डिसेम्बर २१ देखि २३ सम्म हुन लागेको हो ।

प्रतियोगिता पवित्र कुरानको शिक्षालाई प्रवर्द्धन गर्ने र यसको महत्वलाई उजागर गर्ने राम्रो अवसर भएको राष्ट्रिय मदरसा संघका अध्यक्ष डा. अब्दुल गनी अल्कूफीले बताए । उनले प्रतियोगितालाई नेपालका मदरसाका छात्र-छात्राहरूका लागि बहुमूल्य अवसरको रूपमा वर्णन गरे ।

'यो प्रतियोगिताले उनीहरूको क्षमतालाई अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गर्न मद्दत गर्छ । पवित्र कुरान अल्लाहको महान वाणी हो, जसले संसार र परलोकका लागि मार्गदर्शन प्रदान गर्दछ । यसलाई कण्ठ गर्नेहरूलाई इस्लाम धर्मले उच्च स्थान दिएको छ', उनले भने ।

प्रतियोगिताले मुस्लिम समुदायमा कुरानप्रति प्रेम जागृत गराउँदै नयाँ पुस्तालाई यससँग नजिक्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

हिफ्ज़-ए-कुरानले छात्र-छात्राहरूको बौद्धिक तथा मानसिक क्षमता र नैतिक शिक्षामा सुधार ल्याउने विश्वास अध्यक्ष अल्कूफीले व्यक्त गरे ।

प्रतियोगिताले छात्र-छात्राहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने र तजवीद (शुद्ध उच्चारण) तथा इत्तेकान (कण्ठ गर्ने दक्षता) मा निपुणता हासिल गराउन मद्दत गर्ने पनि उनले बताए ।

अल्कूफीले भने, 'यो प्रतियोगिता केवल पुरस्कार जित्ने अवसर होइन, कुरानसँग प्रगाढ सम्बन्ध स्थापना गर्ने सुनौलो मौका हो । अभिभावकहरूले बालबालिकाको तयारीमा सहयोग गर्नुपर्छ र उनीहरूलाई प्रोत्साहित गर्नुपर्छ ।'

प्रतियोगिता छ श्रेणीमा हुनेछ । पूरा कुरान, १५ पारा, ५ पारा, २ पारा (छात्र/छात्रा दुवै सहभागी हुन सक्ने) अभिभावक र मदरसाका जिम्मेवार व्यक्तिहरूले बालबालिकाको सहभागितालाई सुनिश्चित गर्नुपर्ने उनले बताए ।

# बोदेबरसाइनमा किसान संगठन विस्तार

**घुरन यादव/मध्यान्ह**
सप्तरी, ९ मंसिर

सप्तरीको बोदेबरसाइन नगरपालिकामा किसान संगठन विस्तार गरिएको छ । किसान संगठन परिवारको आयोजनामा शनिबार आयोजिक एक कार्यक्रममा अरुण यादवको अध्यक्षतामा किसान संगठन विस्तार गरिएको हो ।

संगठनको उपाध्यक्षमा विशेश्वर साह, सचिवमा हृदय नारायण यादव, कोषाध्यक्षमा उत्तमलाल यादव, सहसचिवमा बेजनाथ साह तथा सदस्यहरुमा रामदहिन यादव र रामसिस यादव चयन भएका छन् ।

नकपा एमालेका नेता अनोज यादवको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा राजकिशोर यादवको विशिष्ट आतिथ्यता रहेको थियो । किसान संगठनका संयोजक बैजनाथ साहको अध्यक्षतामा भएको कार्यक्रममा उपेन्द्र रायलगायतका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । कार्यक्रम कुलान्द साहले संचालन गरेका थिए ।


## साउदीमा रोजगार

कम्पनी: EMDAD HUMAN RESOURCES FOR RECRUITMENT COMPANY — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/०८/०६ — चलानी नं.: ६०२२८४८९ — L.T. No.: 313965

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: MOHAMMED HADI AL RASHEED & PARTNERS COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०८/०६ — चलानी नं.: ६०२२८४८८ — L.T. No.: 314006

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,०९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १७ गते (2 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | कामदारले तिर्ने | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Miracle Employment Service (P.) Ltd**
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239, Email: miraclems@wlink.com.np


# जिप्रका पर्साद्वारा भाडाका सटर खाली गर्न निर्देशन

**वीरगन्ज/मस–** जिल्ला प्रशासन कार्यालय पर्साको प्रवेशद्वारमा सेवाग्राही मर्कामा परेसँगै भाडाका सटर खाली गराउन सार्वजनिक सूचना जारी गरिएको छ । कार्यालयले सार्वजनिक सूचना गरेर कार्यालय प्रांगणमा रहेका ५ भाडाका सटर खाली गराउन ३५ दिने सूचना जारी गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले कार्यालयमा सेवाग्राहीको अत्यधिक चाप र नागरिकलाई निर्वाध सरलीकृत सेवा वितरण गर्नका लागि भाडाका सटर खाली गराउन लागेको जानकारी दिए ।

'कार्यालयमा अत्यधिक सेवाग्राहीको चापको कारणले कार्यालयका लागि कोठाको अभाव कायमै रह्यो,' उनले भने, 'कार्यालय प्रांगणभित्रै राहदानी, राष्ट्रिय परिचयपत्रलगायतका निःशुल्क फर्म भर्नका लागि ठाउँ चाहिएकाले पनि सटर खाली गर्न लागेका हौं ।'

जिल्ला प्रशासन कार्यालय र कर्मचारी मिलन केन्द्रले कार्यालयको प्रवेशद्वारमा नै ५ सटर भाडामा लगाएको थियो । कार्यालयको प्रांगणमा अर्जेन्ट साइबर, न्यू क्वालिटी प्रिन्टर्स एण्ड नाइनल स्टाम्प र तीन सटर फोटो फेस डिजिटल स्टुडियोले भाडामा लिँदै आइरहेको थियो । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले प्रजिअको जिम्मेवारी सम्हालेसँगै कार्यालय परिसरमा रहेका बिचौलियाको अन्त्य गर्दै कार्यालय परिसरभित्रै निःशुल्क रुपमा राहदानी र राष्ट्रिय परिचयपत्र लगायतका अनलाइन फारम भर्ने व्यवस्था मिलाउने बताएका छन् ।


## Saudi Arabia मा रोजगार

Al Bawani Construction Company
पूर्व स्वीकृती मिति: २०८१/०८/०७ — चलानी नं. : ६०२२८४९९ — LT No.: 314021

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 17 | काममा दक्ष | 1200 | ४३,१००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

Apparel Trading Company Ltd — पूर्व स्वीकृती मिति: २०८१/०८/०७ — चलानी नं. : ६०२२८५०० — LT No.: 314020

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 3 | 0 | काममा दक्ष | 1000 | ३५,९००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | २ वर्ष |
| २. | Load & Unloading Workers | 1 | 0 | काममा दक्ष | 1000 | ३५,९००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | निःशुल्क |

अन्तरवार्ता २०८१ मंसिर १७ गते (2 Dec., 2024) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## कतार र युएईमा रोजगार

कम्पनी: ADVIK TRADING AND CONTRACTING — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/०७ — चलानी नं.: ६०२२८५४५ — L.T. No.: 314133

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accounts Executive | 1 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | १३३,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Labour | 5 | 0 | | 1000 | ३६,९६० | | | | | | |
| 3. | Normal Mason | 6 | 0 | | 1200 | ४४,३५२ | | | | | | |
| 4. | Tecnician | 5 | 0 | | 1200 | ४४,३५२ | | | | | | |

कम्पनी: LALI GURANS BEST EVENT MANAGEMENT LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/०७ — चलानी नं.: ६०२२८५४४ — L.T. No.: 314132

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 7 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Waiter | 7 | 0 | | 1200 | ४४,०५२ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १७ गते (2 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**JALAJALA RECRUITMENT PVT. LTD.**
Tokha -7, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecru2017@gmail.com, Web.:www.jalajalarecruitment.com
Gov. Lic No. 1224/074/075


## नबिल बैंक लिमिटेड, हेटौंडा(चिसापानी) शाखा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/०८/१०)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०१/३० को नयाँ पत्रिका दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **हेटौंडा(चिसापानी) शाखा, मकवानपुर**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

**ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरमा मिति २०७०/१२/१८ मा प्रा.फ.नं.८४८३/३६६/२०७०/२०७१ अन्तर्गत दर्ता भएको **विनित ढुवानी सेवा ।**
ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं १७, दाविले, मकवानपुर ।

**ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण**
मुक्तीनाथ घिमिरेको नाति मेघराज घिमिरेको छोरा मकवानपुर जिल्ला हटिया गा.वि.स वडा नं. ४ स्थायी घर भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं १७ बस्ने ना.प्र.नं. ९/८६६ (जारी मितिः २०५६/०६/१२ स्थान मकवानपुर) भएका **बाबुराम घिमिरे ।**

**ऋणी फर्मका ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

केदारनाथ आचार्यकी छोरी मेघराज घिमिरेकी बुहारी, बाबुराम घिमिरेकी श्रीमती, मकवानपुर जिल्ला हटिया गा.वि.स वडा नं. ४ स्थायी घर भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं १७ बस्ने ना.प्र.नं. ३१३०१३/९३ (जारी मितिः २०६३/११/१८, स्थान मकवानपुर) भएकी **सुनिता घिमिरे आचार्य ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण:**
मकवानपुर जिल्ला हटिया गा.वि.स वडा नं. ४ स्थायी घर भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं १७ बस्ने श्री बाबुराम घिमिरेको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा, वडा नं. ६ सिट नं ६ मा अवस्थित कि.नं. ७२८५ क्षेत्रफल ०-०-१४-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**धितोमा रहेको सवारी साधनको विवरण:**
१. ऋणी **विनित ढुवानी सेवा** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बागमती प्रदेश ०३-००१ ख ०२८६ भएको TATA Truck.
२. ऋणी **विनित ढुवानी सेवा** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बागमती प्रदेश ०३-००१ ख ०२८५ भएको TATA Truck.
३. ऋणी **विनित ढुवानी सेवा** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बागमती प्रदेश ०३-००१ ख ०२८३ भएको TATA Truck.
४. ऋणी **विनित ढुवानी सेवा** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बागमती प्रदेश ०३-००१ ख ०२८४ भएको TATA Truck.
५. ऋणी **विनित ढुवानी सेवा** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बागमती प्रदेश ०३-००१ ख ०२८२ भएको TATA Truck.

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **हेटौंडा(चिसापानी) शाखा, मकवानपुर**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०८/२४ गते ४:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **हेटौंडा(चिसापानी) शाखा, मकवानपुर**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०८/२५ गते ३:०० बजे बैंकको **हेटौंडा(चिसापानी) शाखा, मकवानपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **हेटौंडा(चिसापानी) शाखा, मकवानपुर** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चन्द्रनिगाहपुर, रौतहट,**
**मधेश प्रदेश, नेपाल**

### प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

**चाँदी र बागमती खोलाको विभिन्न तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८१/०८/१०)**

मधेश प्रदेश, रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं. १, ३, ४, ५ ,८ र ९ मा पर्ने चाँदी र बागमती खोलाको विभिन्न तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्ने चन्द्रपुर नगरपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम: चन्द्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगाना: चन्द्रनिगाहपुर, रौतहट, मधेश प्रदेश |
| प्रस्तावको व्यहोरा | रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं. १, ३, ४, ५ ,८ र ९ मा पर्ने चाँदी र बागमती खोलाको विभिन्न तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले दैनिक रुपमा १०० घ.मि. देखि ३०० घ. मी. सम्म संकलन गर्नु उत्खनन् तथा संकलन कार्य गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला / न.पा/ गा.पा. | रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं. १, ३, ४, ५ ,८ र ९ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको पालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

**वडा नं. ४, ५ ,८ र ९ को लागि ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : चन्द्रपुर नगरपालिका, चन्द्रनिगाहपुर, रौतहट, मधेश प्रदेश |
| परामर्शदाताको नाम र ठेगाना | नाम : क्याड ईन्जिनियरिङ् कन्सल्टेन्सी प्राइभेट लिमिटेड<br>ठेगाना : चन्द्रपुर-४, रौतहट, नेपाल |

**वडा नं. १ र ३ को लागि ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : चन्द्रपुर नगरपालिका, चन्द्रनिगाहपुर, रौतहट, मधेश प्रदेश |
| परामर्शदाताको नाम र ठेगाना | नाम : ए. एस. सि. ईन्जिनियरिङ् कन्सल्टेन्सी प्राइभेट लिमिटेड<br>ठेगाना : चन्द्रपुर-८, रौतहट, नेपाल |

# ‘भ्रष्टाचार नियन्त्रण गर्न जारी निर्देशन कार्यान्वयन गर्न प्रतिबद्ध छु’

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ मंसिर



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले जारी गरेको आचारसंहिता र निर्देशन कार्यान्वयन भए/नभएको बारेमा नागरिकस्तरबाट खबरदारी गर्नुपर्ने बताएका छन्। भ्रष्टाचारविरुद्धको स्वतन्त्र नागरिक समाज मञ्च प्यूठानको एक प्रतिनिधि मण्डलसँग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा आइतबार भएको छलफलमा मुख्यमन्त्री आचार्यले भ्रष्टाचार निवारण गर्न प्रदेश सरकार दृढ रहेको बताएका हुन्।

प्रदेश सरकाले भ्रष्टाचार नियन्त्रण गर्न पाँच बर्षे रणनीतिक योजना कार्यान्वयनमा लगेको, मुख्यमन्त्री तथा मन्त्रीहरुलाई आचारसंहिता लागु गरेको, मन्त्रालय र निकायका लागि जारी १४ बुदे निर्देशन जारी गरिसकेको छ। नागरिक तहमा बढ्दो निराशालाई आशामा बदल्नेगरी सरकारले योजनाबद्ध काम अघि बढाएको र त्यसको सफल कार्यान्वयनको लागि नागरिक तहको साथ आवश्यक परेको बताए। ‘भ्रष्टाचार निवारण गर्ने काम सरकारको एकल प्रयासले मात्रै सम्भव हुँदैन, त्यसमा नागरिकको खबरदारी जरुरी पर्छ’उनले भने‘म मुख्यमन्त्री भएर पहिलो निर्णय भ्रष्टाचार निवारण गर्न पाँच वर्षे रणनीतिक योजना बनाउने प्रस्ताव स्वीकृत गरेको थिए। पाँच वर्षभित्र भ्रष्टाचार निवरणका लागि प्रदेश सरकारले रणनीतिक योजना बनाइसकेको छ। सरकारले बनाएका योजनाहरु कार्यान्वयन गर्न नागरिक सहभागीता जरुरी छ।’

प्रदेश सरकारले योजना कार्यान्वयनमा देखिएको बेतिथि नियन्त्रण गर्न पाँच लाखभन्दा माथिका योजना प्रतिस्पर्धाबाट कार्यान्वयन गरेको, जसबाट योजना कार्यान्वयनमा हुने चलखेल रोकिने अवस्थामा पुगेको समेत उनले दाबी गरे। भ्रष्टाचारविरुद्धको स्वतन्त्र नागरिक मञ्च प्यूठानका संयोजक कर्णध्वज केसीका नेतृत्वमा रहेको प्रतिनिधि मण्डलले मुख्यमन्त्री आचार्यलाई ज्ञापनपत्र बुझाउँदै भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न अनुरोध गरेको छ। सेवाको नाममा घुस र विकासको नाममा भ्रष्टाचार हुने गरेको भन्दै त्यसलाई रोक्नेगरी उच्चस्तरीय अनुगमन संयन्त्र बनाउन जोड दिइएको छ। भ्रष्टाचार नियन्त्रणका लागि लागु भएको पाँच वर्षे रणनीतिक योजनामा मुख्यमन्त्री कार्यालयमा उच्चस्तरीय अनुगमन संयन्त्र बनाउने प्रावधान समेटेको छ। भ्रष्टाचारविरुद्धको स्वतन्त्र नागरिक मन्चका सदस्य ओमभक्त पण्डितले भ्रष्टाचार नियन्त्रण गर्न सरकारले थाल्ने अभियानहरु प्रभावकारी बनाउन जरुरी रहेको, नागरिकतहबाट प्राप्त गुनासाहरुको सम्बोधन छिटोछरितो हुनुपर्ने बताए। साथै प्रतिनिधि मण्डलले प्यूठान जिल्लामा दुई वटा चिस्यान केन्द्र बनेको तर, प्रयोगमा आउन नसकेको बारेमा मुख्यमन्त्री आचार्यलाई जानकारी गराएको छ। मुख्यमन्त्री आचार्यले कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री र सचिव संग यस बारेमा आफुले जानकारी लिने र प्रयोगका लागि उपयुक्त विकल्पहरु छानिने प्रतिबद्धता जनाएका थिए।

# विपन्न विद्यार्थीहरूलाई सद्भावको सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, ९ मंसिर



कतारको स्थानीय कम्पनी कतार एयरवेजमा कार्यरत नेपालीहरू मिलेर स्थापना गरेको सदभाव युवा समाज कतारले सुनसरी जिल्लाको स्कुलहरूमा ‘झोला तथा शैक्षिक सामग्री’ वितरण गरेको छ। सदभाव युवा समाज नेपालसँगको सहकार्यमा सुनसरी जिल्लाको बराहा क्षेत्र नगरपालिका वडा नं ०९ का विभिन्न विद्यालयहरूमा उक्त सामग्री वितरण गरेको हो।

उक्त वडाका हुल्कु आधारभूत प्राथमिक विद्यालयमा ५०, श्री जंगा (बहुभाषिक) आधारभूत विद्यालय ४७ र जलपा आधारभूत विद्यालय ४५ गरी जम्मा १ सय ४२ जना विद्यार्थीहरुलाई ‘सदभाव उपहार’ स्वरूप स्थानीय समाजसेवी एवं जनप्रतिनिधिको रोहबरमा झोला तथा शैक्षिक सामग्री वितरण गरिएको समाज कतारले जनाएको छ। उक्त वडामा रहेका पिछडिएको समुदायका विपन्न परिवारको विद्यार्थीहरुलाई थोरै भए पनि सहयोग होस् भन्ने उद्देश्यले उक्त सामग्री सहयोग स्वरूप वितरण गरिएको समाजका अध्यक्ष विजय गुरुङले मध्यान्ह राष्ट्रिय दैनिकसँगको कुराकानीमा बताए। उनले उक्त कार्यक्रम सम्पन्न गर्न खटिनुहुने सम्पूर्ण प्रति आभार व्यक्त गरे। सामाजिक सदभाव र आपसी सहयोगको लागी समाजले आवश्यकता अनुसार नेपालभर नै सहयोग गरिरहेको छ। केही समय पहिले पाठेघरको क्यान्सर रोगबाट ग्रसित पर्वतको जलजला गाउँपालिका वडा नम्बर ७ धाइरिङकी ५५ वर्षीया गंगा दमाईको उपचारका लागि १७ हजार ५ सय ४० रुपैयाँ नगद सहयोग गरेको थियो भने केही दिनभित्र गुल्मी जिल्लाको सिद्ध प्रा.वि. इस्मामा सामग्री वितरण गर्न पुग्ने तयारी गरिरहेको छ।

# स्थानीय तहका प्राविधिक र कृषकहरूसँग छलफल

**सपना बोहरा/मध्यान्ह**
दाङ, ९ मंसिर



कृषि ज्ञान केन्द्र दाङले स्थानीय तहका प्राविधिकहरुसँग अन्तरक्रिया गरेको छ। कृषि प्राविधिक तथा कृषकहरूले कृषि कार्यक्रमहरू समन्वय र सहकार्य प्रभावकारी रहेको बताएका थिए। उनीहरूले समयमै मल बिउविजन उपलब्ध गराइदिनु अनुरोध गरेका थिए।

कार्यक्रममा सहभागी महिला उद्यमी तथा कृषक गीता रावतले कृषकहरूलाई प्रदान गरिने अनुदानका कार्यक्रमहरू समय सान्दर्भिक अनुसार हुनुपर्ने सुझाव दिइन्। ‘कृषकहरूलाई बिउविजन त प्रदान गरिन्छ। तर ढिला गरी अनुदान कार्यक्रम स्वीकृत हुने हुँदा हामीलाई समयानुकूल बिउविजन हुँदैन’ उनले भनिन्।

कृषकहरूलाई मध्येनजर गरेर अनुदानका कार्यक्रमहरू सञ्चालन गर्न उनले सुझाव दिइन्। व्यवसायिक रूपमै कृषि उत्पादनमूलक कार्यक्रमहरू सञ्चालन गर्न उनको सुझाव थियो।

कार्यक्रममा कृषि प्राविधिक हेमाकान्त पाण्डेले स्थानीय तहमा दक्ष प्राविधिक जनशक्ति नभएको बताए।

कृषि ज्ञान केन्द्र दाङका वरिष्ठ बाली संरक्षण अधिकृत पिताम्बर बस्नेतले साना माध्यम तथा ठूला कृषकहरूलाई कृषि ज्ञानकेन्द्रसँग जोडिएर काम गर्न अनुरोध गरेका थिए। कृषि ज्ञान केन्द्र र जिल्लाका कृषकहरूको समन्वय र सहकार्यमा काम भयो भने कृषि उत्पादनमा सहयोग हुने अरुको भनाइ थियो। स्थानीय तहमा कृषि प्राविधिक विज्ञको कमी भएको अवस्थामा कृषि ज्ञानबाट सहयोग लिन सकिने बताए। कृषि ज्ञान केन्द्र दाङमा भर्खरै सरुवा भएर आएका प्रमुख नवराज भण्डारीले संघीयता आइसकेपछि कृषकहरूमा अन्योलता छाएको बताए।

‘स्थानीय, प्रदेश र संघ गरेर तीन तहको कार्य विभाजन छ’कार्यक्रममा उनले भने ‘कहाँबाट कृषक सम्बन्धी सेवा लिने भन्नेमा दुविधा देखिएको छ।’जुन तहकै कृषकहरूले कृषि ज्ञान केन्द्रबाट सहयोग लिन सकिने उनले बताए। पूर्वाधार विकासका बहुवर्षीय आयोजनामा बजेट छुट्याउँदा कृषिमा कम हुँदै गएको उनले बताएका थिए। त्यसतर्फ ध्यान दिनुपर्ने उनले बताए।

कृषि ज्ञान केन्द्र दाङका प्रमुख नवराज भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा कृषि ज्ञान केन्द्र दाङका कृषि अर्थविज्ञ पृथ्वीराज लामिछानेले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। जिल्लामा सिँचाईसहित कृषि विकास कार्यक्रम, बिउ उत्पादन कार्यक्रम, माटो व्यवस्थापन कार्यक्रम, स्थानीय तहसँग सहकार्य गरेर करार खेती कार्यक्रम, स्मार्ट कृषि गाउँ कार्यक्रमहरु सञ्चालन गरेको बताएका थिए।

यसैबीच कार्यालय प्रमुख भण्डारी र लेखा प्रमुखलाई स्वागत गरिएको थियो।


## गैंडाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०८१/०८/१०)**

यस कार्यालयबाट मिति २०८१/०६/२२ मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्याद भित्र E-Bidding मार्फत प्राप्त हुन आएका बोलपत्रहरू मध्ये बोलपत्र मूल्याङ्कन समितिको निर्णय अनुसार तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहरिएकाले स्वीकृतिको आशयको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको विवरण | जम्मा कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| 03/GM/NCB/2081-082 | Construction and Upgrading of Gaindakot Ring Road, Gaindakot Municipality Ward no. 1-9, Nawalpur (2081-082) | Sathi Society Construction, Baijanath-1, Banke | रु. १५,९४,७६१।२४ |
| 04/GM/NCB/2081-082 | Construction of Pathway and Parking at Mela Kagyu Linag Maha Buddha Gumba at Gaindakot Municipality, Ward no 9 | S. R. N. Dipika Construction Pvt. Ltd., Baneshwor-06, Kathmandu | रु. १५,७८,३१४।४५ |
| 05/GM/NCB/2081-082 | Construction of Ward Office Building First Floor at Ward no.1, Gaindakot Municipality, Nawalpur | Dreamline construction Pvt Ltd, Bharatpur-2, Chitwan | रु. २७,४६,९९०।८० |

प्रमुख प्रशासकीय अधिकृत



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
**कोशी प्रदेश**
**विराटनगर, मोरङ्ग**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०८१-०८-१०)**

यस कार्यालयबाट मिति २०८१-०५-३० गतेको सौर्य दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.न. | विवरण | छनौट गरिएको बोलपत्रदाताहरु | कबोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of DPS School Bata BishnuTole Jane Bato, Biratnagar 5, Morang (Contract No : IDO/MOR/NCB/RW-124/081-82) | M/S Shah Sanjaya Construction Pvt. Ltd., Budhiganga, Morang | 13,50,756.43 |
| 2 | Upgrading of DPS Dachhin Hudai Purwa Bahira School Hudai Nahar Samma Jodne Sadak., Biratnagar 5, Morang (Contract No : IDO/MOR/NCB/RW-125/081-82) | M/S AMP Construction, Shivasatakshi, Jhapa | 14,12,738.94 |
| 3 | Upgrading of Rajbanshi Chowk Purwa Prakaseshwor Shiva Mandir Purwa Patti Ko Bato Ko Nala Tatha Dhakkan Nirman. Biratnagar 3, Morang (Contract No : IDO/MOR/NCB/RW-126/081-82) | M/S MD Construction and Supplier Pvt. Ltd., Itahari, Sunsari | 14,50,188.48 |
| 4 | Upgrading of Prithivi Tole Safal Marga., Biratnagar 3, Morang (Contract No : IDO/MOR/NCB/RW-127/081-82) | M/S Numbur Construction Pvt. Ltd., Suryabinayak, Bhaktapur | 17,96,868.52 |
| 5 | Upgrading of Bhadramari Sadak Urlabari 4, 7, 8 Hundai Damak Samma Ko Sadak, Urlabari 7, Morang (Contract No : IDO/MOR/NCB/RW-128/081-82) | M/S Miklajung Builders, Miklajung. Morang | 22,00,306.00 |
| 6 | Upgrading of Sirjana Narsari Bata Paschim Bhadramari Jane Sadak Ma Drain Sahit Gravel, Kanepokhari 7, Morang (Contract No : IDO/MOR/NCB/RW-129/081-82) | M/S Purbali Infrastructure and engineering Pvt. Ltd., Kapan, Kathmandu | 19,41,025.24 |
| 7 | Upgrading of Hemchandra thapa Ko Ghar Paschim Bata Wada Karyalaya Jane Sadak, Urlabari 2, Morang (Contract No : IDO/MOR/NCB/RW-130/081-82) | M/S Quick Space Builder Pvt. Ltd., Damak, Jhapa | 14,24,838.91 |
| 8 | Upgrading of Katahari Laxminiya Jane Bato, Jahada 3, Morang (Contract No : IDO/MOR/NCB/RW-131/081-82) | M/S Dahaal Construction, Biratnagar, Morang | 20,73,393.13 |
| 9 | Upgrading of Batarbari School dekhi Paschim Ward no.-5 ko simana Samma Sadak, Sunbarshi 4, Morang (Contract No : IDO/MOR/NCB/RW-132/081-82) | M/S M.B. Construction, Jahada, Morang | 17,24,215.00 |
| 10 | Upgrading of Ram Bahadur Rajbanshi Ko Ghar Purwa Dakshin Sunbarshi-3 Jane Bato, Sunbarshi-4, Morang (Contract No : IDO/MOR/NCB/RW-133/081-82) | M/S Kechana Youth Construction , Pathari Sanischare, Morang | 14,88,624.23 |



**UAE मा रोजगार** | **कम्पनी :** TIRHAL EMPLOYMENT L.L.C | **शहरः** UAE
**पूर्व स्वीकृत मितिः** २०८१/०८/०९ | **चलानी नं.:** ६०२२८५६२ | LT. No.: 314168

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Steel Fixer | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Mason | 50 | 0 | | 1200 | ४४,०५२ | | | | | | | |
| 3. | Construction Labours | 50 | 0 | | 900 | ३३,०३९ | | | | | | | |
| 4. | Construction Carpenter | 50 | 0 | | 1200 | ४४,०५२ | | | | | | | |

**अन्तर्वार्ता बुटवल ट्रेनिङ सेन्टर, बुटवल, रूपन्देहीमा २०८१ मंसिर १७ र १८ गते (2 & 3 December 2024) मा हुनेछ।**
**अन्तर्वार्ता जानकी टेक्निकल ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ मंसिर १९ र २० गते (4 & 5 December 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Ideal International Recruitment Pvt. Ltd.** श्रम इजाजत नं. १६९०/०८०/०८१
Tokha -10, Samakhushi, Kathmandu, Nepal. Tel : 01-5920822, 5920823, E-mail: mdideal123@gmail.com
Mobile: +977 9847978491 | 9851051082



**युएईमा रोजगार** | **कम्पनीः** MORJINA GENERAL SECURITY GUARD SERVICES EST | **शहरः** UAE
**पुर्व स्वीकृत मितिः** २०८१/०८/०९ | **चलानी नं.:** ६०२२८५६१ | L.T. No.: 314170

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Life Guards | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 24 | 3 | | 1800 | ६६,०७८ | | | | | | | |
| 3. | Security Supervisor | 2 | 0 | | 2000 | ७३,४२० | | | | | | | |

**कम्पनीः** NAHJ AMAN INSULATIONS CONT.L.L.C. | **शहरः** UAE
**पुर्व स्वीकृत मितिः** २०८१/०८/०९ | **चलानी नं.:** ६०२२८५६० | L.T. No.: 314171

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Mechanic/ Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Archives Clerk | 5 | 0 | | 1500 | ५५,०६५ | | | | | | | |
| 3. | Carpenter | 8 | 0 | | 1300 | ४७,७२३ | | | | | | | |
| 4. | General Electrician | 1 | 0 | | 1200 | ४४,०५२ | | | | | | | |
| 5. | Labour | 20 | 0 | | 1000 | ३६,७१० | | | | | | | |
| 6. | Mason (Nepal) | 2 | 0 | | 1200 | ४४,०५२ | | | | | | | |
| 7. | Steal Fixer | 1 | 0 | | 1500 | ५५,०६५ | | | | | | | |
| 8. | Tale Maker | 3 | 0 | | 1200 | ४४,०५२ | | | | | | | |
| 9. | Welder General | 2 | 0 | | 1400 | ५१,३९४ | | | | | | | |

**अन्तर्वार्ता नमस्ते थकाली भान्साघर, पृथिवि चोक, पोखरामा २०८१ मंसिर १७ गते (2 December 2024) मा हुनेछ।**
**अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा २०८१ मंसिर १८ गते (3 December 2024) मा हुनेछ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १९ गते (4 December 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Manpower Scan Pvt. Ltd.** Gov. lic. No. 1609/079/080
Sahitya Marga House No 111, Behind Hotel Dwarika Gaushala 09, Kathmandu, Nepal
Tel.: 01-5915369, 5914369. Email:info@manpowerscan.com.np, website: www.manpowerscan.com.np
Itahari: 9804368456, Pokhara: 9856067908

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# समपूरक र विशेष अनुदान कार्यविधि संशोधन गरिँदै



**काठमाडौं/मस–** राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक) को ५३औँ बैठकले समपूरक र विशेष अनुदानसम्बन्धी मौजुदा कार्यविधि संशोधनका लागि मस्यौदा तयार पारी तीन महिनाभित्र मन्त्रिपरिषद्मा पेस गर्न निर्देशन दिएको छ ।

अघिल्लो साता बसेको एनडेक बैठकले समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ संशोधनका लागि मस्यौदा तयार पार्न राष्ट्रिय योजना आयोगलाई निर्देशन दिएको हो । 'स्थानीय तह एवं प्रदेशको वित्तीय क्षमता अनुसार समपुरक अनुदानमा लगानीको हिस्सा वित्तीय क्षमतामैत्री हुनेगरी र सामाजिक, आर्थिक समता अभिवृद्धिमा योगदान दिनेगरी समपुरक अनुदानसम्बन्धी मौजुदा कार्यविधिमा संशोधनको लागि तीन महिनाभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्नेछ,' एनडेकको निर्णयमा भनिएको छ ।

विशेष अनुदानअन्तर्गत सञ्चालन भएका आयोजना/कार्यक्रमलाई सन्तुलित विकास गर्न, विभेदमा परेका वर्ग वा समुदायको उत्थान एवं विकासमा योगदान दिनेगरी मौजुदा कार्यविधिमा संशोधन गर्न भनिएको छ ।

विद्यमान कार्यविधिअनुसार संघीय समपूरक अनुदान पाउने योजना तथा कार्यक्रमका लागि कूल लागतको ५० प्रतिशत सम्बन्धित स्थानीय तह वा प्रदेशले बेहोर्ने छ भने ५० प्रतिशत रकम संघीय सरकारले उपलब्ध गराउँछ ।

आर्थिक रूपमा कमजोर तथा दुर्गमका स्थानीय तहले ५० प्रतिशत लागत बेहोर्न सक्ने क्षमता नहुँदा समस्या देखिएको राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा दिवाकर लुइँटेलले बताए ।

'आधा लागत सम्बन्धित स्थानीय तह वा प्रदेशले बेहोर्नुपर्ने भएपछि उनीहरु आफ्नो स्रोत अभावमा योजना तथा कार्यक्रम प्रस्ताव गर्न नसक्ने अवस्था थिए । स्रोतको समन्यायिक वितरण गर्न पनि लागत साझेदारी घटाएर कम गर्ने वा राख्दै नराख्ने भन्नेबारे अध्ययन गरी कार्यविधिको मस्यौदा तयार पारेर मन्त्रिपरिषद्मा पेस हुनेछ,' उनले भने ।

संघीय समपूरक तथा विशेष अनुदानसम्बन्धी विद्यमान कार्यविधिको व्यवस्थाअनुसार योजना आयोगले प्रत्येक वर्ष मंसिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश वा स्थानीय तहबाट आगामी आर्थिक वर्षका लागि समपूरक र विशेष अनुदानमा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग गरिसक्नुपर्दछ ।

त्यस्तै, सम्बन्धित प्रदेश र स्थानीय तहले पुस मसान्तभित्रमा यस्तो अनुदान लिनका लागि प्रस्ताव पेस गरिसक्नुपर्ने हुन्छ । कार्यविधि संशोधनका लागि एनडेकले तीन महिनाको समयावधि दिएको अवस्थामा विद्यमान व्यवस्थाअनुसार प्रस्ताव माग हुन्छन् वा नयाँ व्यवस्थाअनुसार माग हुन्छ भन्ने स्पष्ट नभएको आयोगका सहप्रवक्ता लुइँटेलले उल्लेख गरे । कार्यविधि चाँडो संशोधन गरेर त्यसपछि मात्रै योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्न उपयुक्त हुने उनले धारणा राखे ।

'कार्यविधि संशोधनका लागि काम सुरु भइसकेको छ । योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्ने सूचना निकाल्नु अघि कार्यविधि संशोधन भइसक्छ,' सहप्रवक्ता लुइँटेलले भने ।

संघीय सरकारले योजना आयोगको सिफारिसमा हरेक वर्ष समपूरक र विशेष अनुदान शीर्षकमा प्रदेश र स्थानीय तहलाई बजेट छुट्याउँछ । प्रदेश र स्थानीय तहको मागका आधारमा वित्तीय हस्तान्तरणको उपकरणका रूपमा यी अनुदान उपलब्ध गराइन्छ । यस्तो अनुदान लिन प्रस्ताव गरिएका योजना तथा कार्यक्रमले निश्चित प्रक्रिया पूरा गर्नुपर्दछ ।

आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्यांकन (इआईए), लागत अनुमान, आयोजना सम्पन्न हुने अवधिलगायत विवरण अनिवार्य रूपमा प्रस्तावसँगै पेस गर्नुपर्ने आयोगले जनाएको छ । सम्बन्धित पालिकाको कार्यपालिकाबाट स्वीकृत गराएर मात्रै ती योजना तथा कार्यक्रमका लागि बजेट माग गर्नुपर्ने व्यवस्था पनि कार्यविधिमा उल्लेख छ ।

यस्तो अनुदानबाट खर्च बेहोर्ने योजना तथा कार्यक्रम तीन वर्षभित्र सम्पन्न गरिसक्नुपर्ने हुन्छ । तीन वर्षभन्दा बढी समय लाग्ने बहुवर्षे आयोजनाका लागि यो शीर्षकअन्तर्गत बजेट जाँदैन । प्रदेश सरकार र स्थानीय तहले यी शीर्षकमा अनुदान पाउने र खर्च गर्न पाउने रकमको सीमा पनि तोकिएको छ । समपूरक अनुदान दिनका लागि गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कूल लागत अनुमान न्यूनतम रु एक करोडदेखि अधिकतम रु १० करोडसम्म रहेको छ ।

उपमहानगर र महानगरपालिकाबाट कार्यान्वयन गरिने समपूरक अनुदानका कार्यक्रमको लागत न्यूनतम रु पाँच करोडदेखि अधिकतम रु २५ करोडसम्म रहेको छ । प्रदेश सरकारबाट कार्यान्वयन हुने समपूरक अनुदानअन्तर्गतका योजना तथा कार्यक्रमका लागि कूल लागत अनुमान रु २० करोडदेखि रु एक अर्बसम्म हुनुपर्छ ।

विशेष अनुदानअन्तर्गतका योजना तथा कार्यक्रमका लागि भने प्रदेशको हकमा कम्तीमा रु १० करोड र स्थानीय तहको हकमा कम्तीमा रु ५० लाखदेखि बढीमा १० करोड सम्मको सीमा तोकिएको छ । क्षेत्रगत रूपमा पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाका लागि समपूरक अनुदान दिने गरिन्छ । विशेष अनुदानका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मूल प्रवाहीकरण, तहगत सन्तुलन, खाद्य सुरक्षा तथा पोषण, फोहरमैला व्यवस्थापन जस्ता क्षेत्रसँग सम्बन्धित आयोजना पर्दछन् ।


## Bhangaha Municipality
## Office of Municipal Executive
**Mahottari, Nepal**

### Invitation for e-Bids

**First Date of Publication: 2081/08/10**

1. Bhangaha Municipality invites electronic bids from eligible bidders for following bid under National Competitive Bidding- Single Stage Two Envelope Bidding Procedures.

| S.N. | Contract No. | Description of Works | Bid Fee in Nrs | Bid Security Amount in Nrs. | Date of Bid Submission | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | BM/NCB/ W/081-82/01 | Construction of 10 bed Hospital | 10000 | 5000000 | 2081/09/09 | 120 days |
| 2. | BM/NCB/ W/081-82/02 | Construction of Durga Temple | 5000 | 700000 | 2081/09/09 | 90 days |

2. Eligible Bidders may obtain further information from the office of Municipal Executive, Bhangaha Municipality during office hour or may visit PPMO webportal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

**Provincial Government**
**Ministry of Physical Infrastructure Development**
## Urban Development and Building Office, Ilam
**Koshi Province, Nepal**

### Invitation for Bids

**Notice No. 05/081/082**
**First Date of Publication: 2081/08/10 B.S.**

